# सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना

## सूचना प्रकाशन मिति २०८२/५/३

संघ संस्था दर्ता, नियमन तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकको मस्यौदा तयार गरिएको छ। प्रस्तुत विधेयकको मस्यौदा उपर विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभावका सम्बन्धमा सम्बन्धित सरोकारवाला सबै र सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो उपर संलग्न ढाँचामा legalsectionmoha@gmail.com मा पन्ध्र दिनभित्र आफ्नो राय तथा सुझाव प्रतिक्रिया उपलब्ध गराइदिनुहुन सबै समक्ष सादर अनुरोध छ।

**सुझाव/परामर्शको ढाँचा:**

| क्र.सं. | मस्यौदा विधेयकको दफा/उपदफा | मस्यौदा विधेयकको व्यवस्था | सुझाव/परामर्श | पुष्टयाई |
|---|---|---|---|---|
| | | | | |

**विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम**

**संघ संस्था दर्ता, नियमन तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक**

**तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव**

१. **कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरण:**

नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (घ) मा संघ संस्था खोल्ने स्वतन्त्रता रहेको। त्यस्तै धारा ५० को उपधारा (३) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम् परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दीगो आर्थिक विकास गर्ने व्यवस्था तथा धारा ५६ मा राज्यको संरचनामा संघीय लोकतान्त्रिक नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको छ। नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयन तथा प्रशासनिक पुन:संरचनाको लागि आवश्यक नीतिगत, कानूनी, संरचनागत, प्रणालीगत अन्तरसम्बन्धको व्यवस्था गर्न अत्यावश्यक भएको। नेपालको सामाजिक सेवा तथा विकासको क्षेत्रमा क्रियाशील संस्थाको भूमिकालाई सामाजिक विकासको प्रक्रियामा मूलप्रवाहीकरण गरी संस्थागत संगठन, विकास र कार्य सञ्चालनको मामिलामा सुशासनको स्थिति कायम राखी राख्नको लागि तथा संस्थालाई पारदर्शी, जवाफदेही, उत्तरदायी र जिम्मेवार बनाउन संस्थाहरुको व्यवस्थापन समेत गर्न संघ संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न नयाँ ऐन निर्माण गर्न आवश्यक देखिएको हो।

२. **विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव:**

संघ संस्था दर्ता, नियमन तथा व्यवस्थापनका सम्बन्धमा संघीय सरकारको भूमिका स्पष्ट हुनुका साथै प्रदेश र स्थानीय तहको क्षेत्राधिकार र भूमिका निर्धारण भएको हुने। संघ संस्था खोल्ने स्वतन्त्रतालाई नेपालको संविधानमा मौलिक हकको रुपमा व्यवस्थित गरिएको हुँदा सोको व्यवस्थित तथा प्रभावकारी कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारी किटान प्रस्तुत विधेयकमा गरिएको हुँदा यसबाट संघ संस्था खोल्ने स्वतन्त्रताको हकको प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने ।

३. **विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव:**

सङ्घीय पञ्जिकाधिकारीको कार्यालय तथा समाज कल्याण विभागको स्थापनाबाट प्रशासनिक कार्य सञ्चालनको क्रममा आर्थिक दायित्व पर्न जाने हुन्छ। तथापि समाज कल्याण परिषद्को संरचना खारेज हुँदा मौजुदा भन्दा थप आर्थिक दायित्व पर्न जाने देखिदैन। त्यस्तै संघ, प्रदेश र स्थानीय तहको मौजुदा संरचनाबाट नै ऐन कार्यान्वयन हुने हुँदा थप आर्थिक तथा वित्तीय दायित्व सिर्जना हुने देखिदैन।

४. **विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग:**

- दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने कार्यमा विधेयकको कार्यान्वयन पश्चात् थप प्रभावकारिता अभिवृद्धि हुने।
- हाल विद्यमान संस्था दर्ता ऐन, २०३४ मा मुलत: संस्था दर्तालाई मात्र प्राथमिकतामा राखिएको तथा राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिमका प्रबन्धहरु समेत एकीकृत ऐनबाट कार्यान्वयन हुन जानेछन्।
- संस्थाको व्यवस्थापन, अनुगमन, नियमन र कानून विपरितका क्रियाकलाप गरेको अवस्थामा सजायको प्रावधान समेतमा समसामयिक परिमार्जन हुन जाने।
- समाज कल्याणको क्षेत्रमा थप प्रभावकारी भई यस क्षेत्रमा एकरुपता कायम हुन जानेछ।

५. **विधेयकको व्यवस्थाबाट सुशासनमा पर्ने प्रभाव:**

- संघ संस्था दर्ता, नियमन र व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका स्पष्ट हुने हुँदा संघ संस्थाको व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि हुन गई यसबाट समाजिक र विकासका क्रियाकलापमा संघ संस्थाको भूमिका व्यवस्थित, पारदर्शी, उत्तरदायी र प्रभावकारी हुन गई सुशासन प्रवर्द्धन गर्नमा मद्दत मिल्ने हुन्छ।
- समाज कल्याणको क्षेत्रमा अपेक्षित उपलब्धी हासिल हुनेछ।

६. **विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग:**

नभएको।

७. **अन्य आवश्यक विषय:**

- यस विधेयकमा विशेष गरी मुलुक संघीय शासन प्रणालीमा प्रवेश गरेपश्चात् संघ संस्था दर्ता, नियमन र व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका निक्यौंल गरी संघ संस्थाको व्यवस्थापनमा थप प्रभावकारिता अभिवृद्धि गर्नु रहेको छ।
- संघ संस्थाको दर्ता, नियमन तथा व्यवस्थापन गर्ने सम्बन्धी प्रचलित कानूनहरु राष्ट्रिय निर्देशन ऐन, २०१८, संस्था दर्ता ऐन, २०३४ र समाज कल्याण परिषद् ऐन, २०४९ का व्यवस्थाहरुलाई समेटी तथा समयसामयिक थप व्यवस्थाहरुलाई समेत राखेर प्रस्तुत विधेयक तयार गरिएको छ।

# संघ संस्था दर्ता, नियमन तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक

**<u>प्रस्तावनाः</u>** गैर सरकारी क्षेत्रमा स्थापना हुने संघ संस्थालाई नागरिक अधिकार संरक्षण एवम् सामाजिक तथा पर्यावरणीय विकासमा संलग्न गराउन, त्यस्ता संस्थाको दर्ता, नियमन तथा व्यवस्थापन गरी संघ संस्थाबाट सम्पादन हुने काम कारवाहीलाई पारदर्शी, उत्तरदायी तथा जवाफदेही बनाई राष्ट्रिय विकासका बहुआयामिक पक्ष र समृद्धिको मूलप्रवाहमा योगदान पुर्याउन संघ संस्था दर्ता तथा सञ्चालन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "संघ संस्था ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अन्तर्राष्ट्रिय गैर सरकारी संस्था" भन्नाले अन्तर्राष्ट्रिय कानून वा अन्तर्राष्ट्रिय अभ्यास बमोजिम मान्यता प्राप्त अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्झनु पर्छ र सो शब्दले संयुक्त राष्ट्र संघको महासभामा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको रुपमा पर्यवेक्षकको हैसियत प्राप्त संस्थालाई समेत जनाउनेछ।

(ख) "कार्यकारी समिति" भन्नाले संस्थाको कार्यकारी समिति सम्झनु पर्छ र सो शब्दले तदर्थ समिति समेतलाई जनाउँछ।

(ग) "पञ्जिकाधिकारी" भन्नाले दफा ३३ बमोजिमको सङ्घीय पञ्जिकाधिकारी सम्झनु पर्छ र सो शब्दले दफा ३५ बमोजिमको प्रदेश पञ्जिकाधिकारी, जिल्ला पञ्जिकाधिकारी र स्थानीय पञ्जिकाधिकारीसमेतलाई जनाउँछ।

(घ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गतको नियमावलीमा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनुपर्छ।

(च) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ।

नेपाल सरकार

(छ) "विधान" भन्नाले यस ऐन बमोजिम दर्ता, नियमन र व्यवस्थापन हुने संघ संस्थाको विधान सम्झनु पर्छ।

(ज) "विभाग" भन्नाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गतको सामाज कल्याण विभाग सम्झनु पर्छ।

(झ) "विनियमावली" भन्नाले यस ऐन बमोजिम दर्ता, नियमन र व्यवस्थापन भएको संघ संस्थाको विधान बमोजिम जारी भएको विनियमावली सम्झनु पर्छ।

(ञ) "विदेशी गैर सरकारी संस्था" भन्नाले विदेशी राज्यको कानून बमोजिम दर्ता वा स्थापना भएको गैर सरकारी संस्था सम्झनु पर्छ।

(ट) "समिति" भन्नाले दफा ४० बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ठ) "सदस्य" भन्नाले संस्थाको साधारण सदस्य, आजीवन सदस्य सम्झनु पर्छ र सो शब्दले संस्थाको विधान बमोजिम रहने सल्लाहकार समिति वा यस्तै किसिमका अन्य सदस्य समेतलाई जनाउँछ।

(ड) "संस्था" भन्नाले कुनै सामाजिक, साँस्कृतिक, साहित्यिक, वैज्ञानिक, कल्याणकारी, सनातन अध्यात्मिक, शैक्षिक, वौद्धिक, अनुसन्धानमूलक, शारीरिक सुगठन, मनोरञ्जन, सामाजिक परिचालन र खेलकुद, परोपकारी काम गर्ने वा कुनै पेशागत हक हित संरक्षण गर्ने, सामुदायिक विकास गर्ने, पर्यावरण संरक्षण गर्ने वा मानव अधिकार, सुशासन वा सामाजिक न्यायको पैरवी गर्ने उद्देश्यले स्थापना हुने कुनै संघ, संस्था, क्लब, परिषद्, संगठन, समिति, मञ्च, केन्द्र, फाउण्डेशन नाम दिइएको संस्था सम्झनु पर्छ र सो शब्दले संस्थाको महासंघ वा विदेशी मुलुकसँग जनमैत्री वा साँस्कृतिक सम्बन्ध विस्तार गर्ने उद्देश्यले स्थापना हुने मैत्री संघ वा साँस्कृतिक संघ समेतलाई जनाउँछ।

(ड) "साधारण सभा" भन्नाले दफा १५ बमोजिमको संस्थाको साधारण सभा सम्झनु पर्छ।

## परिच्छेद–२

## संस्थाको स्थापना, दर्ता तथा संचालन

३. **संस्था स्थापना गर्न सक्ने:** (१) प्रत्येक नेपाली नागरिकले अन्य नेपाली नागरिकसँग मिली यस ऐन वा प्रचलित कानूनको अधीनमा रही संघ संस्था खोल्ने, स्थापना गर्ने र संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संस्था स्थापना गर्दा नागरिकले यस ऐन वा प्रचलित कानून बमोजिमको सुविधा, सहुलियत र छूट प्रयोग गर्न सक्ने र कर्तव्यको पालना तथा दायित्व निर्वाह गर्नु पर्नेछ।

४. **<u>संस्थाको सदस्यता प्राप्त गर्ने</u>:** प्रत्येक नागरिकलाई यस ऐनको अधीनमा रही कुनै पनि संस्थाको सदस्यता प्राप्त गर्ने, त्यस्तो संस्थाको सम्बन्धमा प्रचार प्रसार गर्ने, त्यस्तो संस्थाको सदस्यता अन्य नागरिकलाई वितरण गर्ने वा त्यस्तो संस्थाको सञ्चालनको प्रयोजनका लागि कानून बमोजिम कुनै स्रोत वा रकम संकलन गर्ने स्वतन्त्रता हुनेछ।

५. **<u>संस्था दर्ता गराउनु पर्ने</u>:** (१) दफा ३ बमोजिम कुनै संस्था खोल्न वा स्थापना गर्न चाहने नेपाली नागरिकले त्यस्तो संस्था पञ्जिकाधिकारी समक्ष दर्ता गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पञ्जिकाधिकारीबाट संस्था दर्ता भएमा संस्था स्थापना भएको वा खोलिएको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको संस्था दर्ताको लागि निवेदन गर्दा देहाय बमोजिमका संस्थाको हकमा देहाय बमोजिमका अधिकारी समक्ष निवेदन गर्नु पर्नेछः-

(क) एउटा मात्र स्थानीय तहमा कार्य क्षेत्र भए स्थानीय पञ्जिकाधिकारी,

(ख) जिल्लाभित्रका फरक फरक स्थानीय तहमा कार्य क्षेत्र हुने भएमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी,

(ग) प्रदेशभित्रको एक भन्दा बढी जिल्लाको भए प्रदेश पञ्जिकाधिकारी,

(घ) दुई वा दुई भन्दा बढी प्रदेशमा कार्य क्षेत्र हुने संस्थाको हकमा सङ्घीय पञ्जिकाधिकारी।

(४) उपदफा (३) बमोजिमको संस्थाको कार्यक्षेत्र परिवर्तन हुने भएमा यस ऐन बमोजिम सम्बन्धित पञ्जिकाधिकारी समक्ष निवेदन गरी दर्ता भएपछि मात्र सञ्चालन हुन सक्नेछ।

६. **<u>संस्था दर्ता गराउन निवेदन दिने</u>:** (१) संस्था खोल्न वा स्थापना गर्न चाहने नेपाली नागरिकले देहायको विवरण सहित संस्था दर्ता गर्नको लागि पञ्जिकाधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछः

(क) संस्थाको नाम

(ख) संस्थाको उद्देश्य

(ग) संस्थाको कार्यक्षेत्र

(घ) संस्थाको आयस्रोत

(ङ) संस्थाको कार्यालय रहने ठेगाना

(च) संस्था दर्ता गराउनका लागि गठन भएको समितिको विवरण

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा देहायका कागजात संलग्न गर्नुपर्नेछः

(क) प्रस्तावित संस्थाको विधानको चार प्रति,

(ख) संस्था स्थापना गर्न चाहने नेपाली नागरिकको नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि,

(ग) निवेदक नाबालिग भएको भए संरक्षकको नागरिकता र निजको नेपाली नागरिक भएको प्रमाणित गर्ने कुनै सरकारी परिचयपत्र वा प्रचलित कानून बमोजिम लिएको नाबालिग परिचयपत्र,

(घ) संस्थाको पहिचान जनाउने कुनै चिन्ह भए त्यसको नमूना,

(ङ) संस्था स्थापना गर्न चाहने नेपाली नागरिकले प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको र अघिल्लो आर्थिक वर्षसम्म कानून बमोजिम चुक्ता गर्नुपर्ने कर बाँकी नरहेको लिखित उद्घोषण,

(च) संस्था स्थापना नभएसम्मका लागि व्यवस्थापन कार्य सम्पादन गर्ने तदर्थ समितिका पदाधिकारीको रुपमा रहने व्यक्तिको नाम, ठेगाना र त्यस्ता व्यक्तिको मञ्जुरीनामा,

(छ) संस्थापक कार्य समितिका सदस्यहरुको चालचलन खुल्ने प्रहरी प्रतिवेदन,

(ज) तोकिए बमोजिमका अन्य विवरण तथा कागजात।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा पञ्जिकाधिकारीले आवश्यक अध्ययन र जाँचबुझ गरी निवेदन प्राप्त भएको एक्काइस दिनभित्र संस्था दर्ता गर्न सकिने वा नसकिने निर्णय गरी निवेदकलाई कारण सहित लिखित जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अध्ययन वा जाँचबुझ गर्दा प्रस्तावित संस्थाको उद्देश्य वा काम कारबाहीका सम्बन्धमा कुनै कुरा स्पष्ट गर्न आवश्यक भएमा पञ्जिकाधिकारीले सम्बन्धित निवेदकलाई स्पष्ट गर्न लगाउने वा कुनै कागजात माग गर्न सक्नेछ र त्यसरी कुनै स्पष्ट गर्न लगाइएको वा कागजात माग भएकोमा सम्बन्धित व्यक्तिले त्यस्तो कुरा स्पष्ट गर्नु वा माग बमोजिमको कागजात उपलब्ध गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यसको जानकारी पाएको पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

७. <u>संस्था दर्ता गर्न इन्कार गर्न सकिने</u>: (१) देहायको अवस्थामा पञ्जिकाधिकारीले संस्था दर्ता गर्न इन्कार गर्न सक्नेछः–

(क) संस्थाको नाम, चिन्ह वा उद्देश्य वा काम कारबाही नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, राष्ट्रिय एकता वा राष्ट्रिय स्वाधीनता, सामाजिक-सांस्कृतिक सदभाव र सामाञ्जस्यता प्रतिकूल हुने देखिएमा,

(ख) राष्ट्रको विरुद्ध जासुसी गर्ने, राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालको सुरक्षामा आँच पु-याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने प्रकृतिको हुने देखिएमा,

(ग) राज्यद्रोह गर्ने वा संघीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने प्रकृतिको संस्था दर्ता हुने गरी निवेदन पेश हुन आएमा,

(घ) संस्थाको नाम, उद्देश्य वा काम कारबाही नेपालको संविधान वा प्रचलित कानून विपरित भएमा वा दफा २१ बमोजिम संस्थाले गर्न नहुने वा गर्न नसक्ने कामसँग सम्बन्धित देखिएमा,

(ङ) संस्थाको उद्देश्य वा काम कारबाही सर्वसाधारणको शिष्टता, मर्यादा, सदाचार वा सार्वजनिक नैतिकताको प्रतिकूल भएको देखिएमा,

(च) संस्थाको नाम संस्था दर्ताको लागि दफा ६ बमोजिम निवदेन दिनु भन्दा अघि नै दर्ता भइसकेको अन्य कुनै संस्थाको नामसँग हुबहु मिलेको वा त्यस्तो संस्थाको नामलाई भ्रम पार्ने वा द्विविधा पार्ने प्रकृतिको भएमा,

**स्पष्टिकरण:** यस खण्डको प्रयोजनको लागि दर्ता भइसकेको भन्नाले सम्बन्धित पञ्जिकाधिकारीको कार्यालयमा दर्ता भएको संस्था सम्झनु पर्छ र सो शब्दले संघीय पञ्जिकाधिकारीको कार्यालयमा दर्ता भएका तथा हुने संस्थाको हकमा अन्यत्र दर्ता भएका संस्थालाई समेत जनाउँछ।

(छ) दफा ६ को उपदफा (४) बमोजिमको कागजात वा विवरण उपलब्ध नगराएमा।

(२) उपदफा (१) बमोजिमको कुनै कारणले संस्था दर्ता गर्न नसकिने भएमा पञ्जिकाधिकारीले सोको कारण खुलाई त्यस्तो अवस्थामा सुधार गरी विधानको मस्यौदा पेश गर्न सम्बन्धित निवेदकलाई एक्काइस दिनको समय दिनु पर्नेछ र निवेदकले सो बमोजिमको सुधार गरी पेश गरेमा पञ्जिकाधिकारीले त्यस्तो संस्था दर्ता गर्ने कारबाही अगाडि बढाउनेछ।

(३) उपदफा (२) बमोजिम पञ्जिकाधिकारीले तोकेको समयावधिभित्र माग गरेको विवरण पेश नभएमा त्यस्तो निवेदन स्वतः निष्कृय हुनेछ।

८. <u>संस्था दर्ताको प्रमाणपत्र</u>: (१) दफा ६ बमोजिम पञ्जिकाधिकारीले कुनै संस्था दर्ता गर्ने निर्णय गरेकोमा सम्बन्धित निवेदकले तोकिए बमोजिमको संस्था दर्ता दस्तुर बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर बुझाए पछि पञ्जिकाधिकारीले सो संस्था दर्ता गरी तोकिएको ढाँचामा संस्था दर्ताको प्रमाणपत्र र निजले प्रमाणित गरेको एक प्रति विधान निवेदकलाई फिर्ता दिनु पर्नेछ।

(३) संस्थाले उपदफा (२) बमोजिम प्राप्त प्रमाणपत्र देखिने गरी आफ्नो कार्यालयमा राख्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्रमाणपत्र प्राप्त भए पछि मात्र संस्था स्थापना भएको मानिनेछ र यसरी प्रमाणपत्र प्राप्त गरेपछि सो संस्थाले यस ऐन वा प्रचलित कानून बमोजिम संस्थाको उद्देश्य बमोजिमको कार्य गर्न वा गराउन सक्नेछ।

(५) यस दफा बमोजिम दर्ता भएको संस्थाको विधानको एक प्रति सम्बन्धित पञ्जिकाधिकारीले सङ्घीय पञ्जिकाधिकारी समक्ष पठाउनु पर्नेछ।

९. <u>संस्थाले कानूनी व्यक्तिको हैसियत प्राप्त गर्ने</u>: (१) यस ऐन बमोजिम दर्ता भएको संस्था कानूनी व्यक्ति सरह हुनेछ।

(२) उपदफा (१) बमोजिमको संस्था एक स्वायत्त अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ र सोही हैसियतमा यस ऐन वा प्रचलित कानून बमोजिम प्राप्त गर्ने अधिकार, सुविधा, छुट वा सहुलियत प्रयोग गर्न सक्नेछ। संस्थाले आफ्नो जिम्मेवारी र दायित्व निर्वाह गर्न तथा कर्तव्यको पालना गर्नु पर्नेछ।

१०. <u>संस्थाको विधान</u>: (१) आफ्नो उद्देश्य सुनिश्चित गर्न, संस्थाको कार्य सम्पादन गर्न, आन्तरिक काम, कारबाहीलाई सञ्चालन र व्यवस्थापन गर्न प्रत्येक संस्थाको एक विधान हुनेछ।

(२) विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संस्था दर्ता भएपछि स्वतः विधान प्रारम्भ भएको मानिनेछ।

(३) विधान सम्बन्धित संस्था तथा सदस्यको लागि एक बाध्यात्मक लिखत हुनेछ र यसको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ।

(४) विधानमा अनुसूचीमा उल्लिखित विषय समावेश भएको हुनु पर्नेछ।

(५) संस्थाले यो ऐन, प्रचलित कानून तथा विधानको अधीनमा रही संस्थाको कार्य सम्पादन सम्बन्धी कार्यविधिगत विषय निर्धारण गर्न आवश्यक विनियमावली बनाउन सक्नेछ।

११. <u>विधान संशोधनः</u> (१) संस्थाको तत्काल कायम रहेका कुल सदस्य मध्ये कम्तीमा दुई तिहाई सदस्य उपस्थित भएको साधारण सभाको बैठकबाट कम्तीमा दुई तिहाई बहुमतले निर्णय गरेमा विधानको संशोधन पारित हुनेछ।

(२) उपदफा (१) बमोजिम पारित भएको विधानको संशोधन स्वीकृतिका लागि पञ्जिकाधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको संशोधन अध्ययन वा जाँचबुझ गर्दा दफा ७ बमोजिम इन्कार गर्नु पर्ने प्रकृतिको भएको नदेखिएमा पञ्जिकाधिकारीले निवेदन प्राप्त भएको मितिले बढीमा एक्काइस दिनभित्र संशोधन स्वीकृत भएको लिखित जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भएको संशोधन विधानको अभिन्न अङ्ग हुनेछ र यसरी स्वीकृत भएको मितिबाट संशोधित विधान प्रारम्भ भएको मानिनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन, अन्य प्रचलित कानून तथा यस ऐन अन्तर्गतको नियमावलीमा विधानमा समावेश गर्न नमिल्ने भनी व्यवस्था भएका विषय समावेश गरी कुनै संस्थाको विधान संशोधन गर्न सकिने छैन।

१२. <u>संस्थाको नवीकरणः</u> (१) दफा ८ को उपदफा (२) बमोजिम दर्ता भएको संस्थाको दर्ता प्रमाणपत्र जुन आर्थिक वर्षमा दर्ता भएको हो सोही आर्थिक वर्षका लागि बहाल रहनेछ र त्यसपछि दफा ५५ र ५६ को अधीनमा रही प्रत्येक आर्थिक वर्ष प्रारम्भ हुनुभन्दा कम्तीमा एक महिना अघि नवीकरण गराउनु पर्नेछ।

तर पहिलो पटक दर्ता भएको संस्थाको हकमा दर्ता भएको एक वर्षभित्र नवीकरण गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम नवीकरण गराएको प्रमाणपत्र सोही आर्थिक वर्षका लागि मात्र मान्य हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले एकैपटक तीन आर्थिक वर्षसम्मका लागि नवीकरण गराउन चाहेमा त्यस्तो संस्थाले नवीकरण गराउन चाहेको प्रत्येक वर्षको लागि एकमुष्ट नवीकरण दस्तुर भुक्तानी गरी नवीकरण गराउन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी नवीकरण गराएको कारणले मात्र दफा २२ बमोजिमको प्रतिवेदन पेश गर्ने जिम्मेवारीबाट त्यस्तो संस्थाले छुट पाएको मानिने छैन।

(५) यो ऐन प्रारम्भ हुनुअघि दर्ता भई सञ्चालनमा रहेका संस्थाले यो ऐन प्रारम्भ भए पछिको आर्थिक वर्ष प्रारम्भ भएको छ महिनाभित्र दफा ५ बमोजिम संस्थाको कार्य क्षेत्र

निर्धारण गरी सम्बन्धित पञ्जिकाधिकारीको कार्यालयमा संस्थाको निरन्तरताको लागि निवेदन गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम निवेदन प्राप्त हुन आएमा सम्बन्धित पञ्जिकाधिकारीले यस ऐन तथा तोकिए बमोजिम दर्ता गरी निरन्तरता दिन सक्नेछ।

(७) संस्थाको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## संस्थाको सदस्यता तथा सङ्गठनात्मक स्वरुप

१३. सदस्यताः (१) कार्यकारी समितिले विधानको अधीनमा रही कुनै नेपाली नागरिकलाई संस्थाको देहाय बमोजिमको कुनै सदस्यता वितरण गर्न सक्नेछः-

(क) साधारण सदस्यता,

(ख) आजीवन सदस्यता,

(ग) विधानमा व्यवस्था भए बमोजिम अन्य कुनै किसिमको सदस्यता।

(२) कार्यकारी समितिले संस्थाको साधारण सदस्यता वितरण गर्दा कुनै पनि व्यक्तिलाई धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था, उत्पत्ति वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्नु हुँदैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको उद्देश्यसँग मिल्ने गरी समान उद्देश्य भई नेपालमा दर्ता भएको कुनै पनि सङ्गठित संस्थालाई विभागको सिफारिसमा संघीय पञ्जिकाधिकारीबाट सहमति प्राप्त भएमा संस्थाले संस्थागत सदस्यता प्रदान गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको संस्थागत सदस्यले तोकेको प्रतिनिधिले संस्थाको काम, कारबाही र बैठकमा संस्थाको विधान बमोजिम साधारण सदस्य सरह भाग लिन सक्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको उद्देश्य पूरा गर्न विशेष योगदान पुऱ्याएको वा पुऱ्याउन सक्ने कुनै नेपाली वा विदेशी विशिष्ट व्यक्तिलाई संस्थाले मानार्थ सदस्यता वितरण गर्न सक्नेछ।

तर त्यस्तो सदस्यले साधारण सभामा मतदान गर्न वा कार्यकारी समितिको उम्मेदवार हुन सक्ने छैन।

(६) संस्थाले यस दफा बमोजिम वितरण गरेको सदस्यताको विवरण अध्यावधिक राख्नु पर्नेछ र प्रत्येक आर्थिक वर्षमा त्यस्तो विवरण सम्बन्धित पञ्जिकाधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(७) सदस्यता वितरण तथा मतदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम तथा सम्बन्धित संस्थाको विधानमा उल्लेख भए बमोजिम हुनेछ।

१४. <u>कार्यकारी समिति</u>ः (१) सदस्यले साधारण सभाबाट आफू मध्येबाट विधानमा व्यवस्था भए बमोजिमका पदाधिकारी तथा सदस्य रहेको कम्तीमा सात जनाको एक कार्यकारी समितिको निर्वाचन गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ मा व्यवस्था भएको तदर्थ समिति संस्था स्थापना भएपछि स्वतः कार्यकारी समितिमा रुपान्तर हुनेछ र संस्थाको प्रथम वार्षिक साधारण सभा नभएसम्मका लागि सो हैसियतमा बहाल रहनेछ।

(३) यस ऐन वा विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संस्थाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण काम, कारबाही कार्यकारी समितिले गर्नेछ र संस्थाको तर्फबाट भएका काम कारबाहीप्रति सो समिति जवाफदेही हुनेछ।

(४) कार्यकारी समिति समावेशी प्रकृतिको हुनु पर्नेछ।

(५) विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यकारी समितिका पदाधिकारी र सदस्यको पदावधि अध्यक्षले पद बहाली गरेको मितिबाट गणना हुने गरी तीन वर्षको हुनेछ।

(६) संस्थाले कार्यकारी समितिका पदाधिकारी तथा सदस्यमा हेरफेर भएको विवरण त्यसरी हेरफेर भएको तीस दिनभित्र पञ्जिकाधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(७) कुनै एक संस्थाका कार्यकारी समितिका पदाधिकारी वा कार्यकारी समितिका सदस्य समान उद्देश्य भएको अन्य संस्थाको कार्यकारी समितिको पदाधिकारी वा सदस्य रहन सक्ने छैन।

तर,

(क) त्यस्तो संस्थाको साधारण सदस्य हुन, मतदान गर्न वा संस्थाका अन्य काम, कारबाहीमा सहभागी हुन बाधा पर्ने छैन,

(ख) कार्यकारी समितिको पदाधिकारी वा सदस्य भएको कारणले त्यस्तो संस्थालाई प्रतिनिधित्व गर्ने महासङ्घ वा त्यसको पदाधिकारी हुन बाधा पर्ने छैन।

(८) कुनै व्यक्ति लगातार दुई कार्यकाल भन्दा बढी अवधिको लागि संस्थाको कार्यकारी समितिको एउटै पदमा पदाधिकारी हुन पाउने छैन।

नेपाल सरकार

(९) यस दफा बमोजिम प्राप्त वा सङ्कलित विवरण पञ्जिकाधिकारीले अभिलेखमा राखी अद्यावधिक गर्नु पर्नेछ।

(१०) संस्थाको कार्यकारी समितिको आधारभुत काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(११) कार्यकारी समितिको बैठक सम्बन्धी कार्यविधि, पदाधिकारी सम्बन्धी व्यवस्था र कार्यकारी समितिको अन्य काम, कर्तव्य र अधिकार विधान तथा विनियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

१५. साधारण सभाः (१) प्रत्येक वर्ष कम्तीमा एक पटक संस्थाको साधारण सभा बस्नु पर्नेछ र त्यस्तो सभालाई वार्षिक साधारण सभा मानिनेछ।

(२) उपदफा (१) बमोजिमको साधारण सभामा संस्थाको विधानमा व्यवस्था भए बमोजिम संस्थाका सदस्य उपस्थित हुन र सभाको बैठकमा सहभागी हुन सक्नेछन्। कुनै संस्थाको साधारण सदस्य संख्या दुई हजार भन्दा बढी भएको अवस्थामा त्यस्तो संस्थाको विधानमा साधारण सदस्यले प्रतिनिधि मूलक प्रतिनिधित्व हुने गरी प्रतिनिधि पठाउने सम्बन्धी व्यवस्था गर्न सकिनेछ।

(३) वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार, कार्यकारी समितिको गठन, संस्थाको वार्षिक प्रतिवेदन, लेखा परीक्षण, विधान संशोधन, कार्यकारी समितिको निर्वाचन तथा त्यसको बैठक सम्बन्धी कार्यविधि विधान तथा विनियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

१६. विशेष साधारण सभाः (१) विधानमा उल्लिखित अवस्था र शर्तमा संस्थाको विशेष साधारण सभा बस्न सक्नेछ।

(२) विशेष साधारण सभाको काम, कर्तव्य र अधिकार तथा त्यसको बैठक सम्बन्धी व्यवस्था विधानमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद- ४
## संस्थाको कार्य सञ्चालन तथा त्यसको नियमन

१७. संस्थाको कार्य क्षेत्रः (१) संस्थाले कार्य सम्पादन गर्ने भौगोलिक कार्य क्षेत्र विधानमा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम भौगोलिक कार्य क्षेत्र उल्लेख गर्दा संस्थाले आफ्नो काम, कारबाही राष्ट्रिय, प्रादेशिक, स्थानीयस्तरमा सञ्चालन वा विस्तार गर्ने हो सो कुरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।

(३) संस्थाले आफ्नो उद्देश्य पूरा गर्न कुनै काम कारबाही सञ्चालन गर्दा उपदफा (२) मा उल्लिखित भौगोलिक कार्यक्षेत्र वा सोको सीमा भित्र रहने गरी सञ्चालन गर्नु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले सम्बन्धित कार्यक्षेत्रमा आफ्नो काम, कारबाही सञ्चालन गर्दा अर्को कार्यक्षेत्र रहेका अधिकार प्राप्त कुनै संस्थासँग साझेदारी गर्न, सहकार्य गर्न वा त्यस्तो संस्थालाई कुनै किसिमले सहयोग गर्न बाधा पुऱ्याएको मानिने छैन।

(५) यो ऐन प्रारम्भ हुनु अघि दर्ता भई सञ्चालनमा रहेका संस्थाले यो ऐन प्रारम्भ भएको एक वर्षभित्र आफ्नो विधान संशोधन गरी कार्यक्षेत्र निर्धारण गर्नु पर्नेछ र त्यसको सूचना सम्बन्धित पञ्जिकाधिकारीलाई दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको सूचना सोही उपदफामा उल्लिखित समयावधि भित्र नदिएमा त्यस्तो संस्था स्वतः निष्कृय भई खारेज हुनेछ र खारेज भएको संस्थाको सम्पत्ति नेपाल सरकारको हुनेछ।

(७) संस्थाले आफ्नो कार्यक्षेत्रभित्र तोकिए बमोजिम प्रक्रिया पूरा गरी शाखा, उपशाखा विस्तार गर्न सक्नेछ।

तर त्यसरी शाखा विस्तार गर्नु अघि सम्बन्धित पञ्जिकाधिकारीबाट शाखा, उपशाखा विस्तारको अनुमति प्राप्त गरेको हुनु पर्नेछ।

१८. संस्थाको वर्गीकरणः (१) संस्थाले आफ्नो उद्देश्य पूरा गर्दा कुन प्रकृतिको संस्थाको हैसियतमा कार्य सम्पादन गर्ने हो सो कुरा विधानमा उल्लेख गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि संस्थालाई देहायका प्रकृतिको रुपमा तोकिए बमोजिम वर्गीकरण गर्नु पर्नेछः-

(क) सचेतना वा जागरण प्रवर्द्धन,

(ख) सामाजिक कल्याण वा परोपकार,

(ग) सामाजिक सेवा वा सामाजिक परिचालन,

(घ) पर्यावरण वा वातावरण संरक्षण,

(ङ) सामाजिक न्याय,

(च) सामुदायिक विकास,

(छ) सुशासन, लोकतन्त्र, मानव अधिकार, लैङ्गिक न्याय तथा समावेशी विकास,

(ज) उपभोक्ता हित र सरोकार संरक्षण,

(झ) अध्ययन वा अनुसन्धान,

(ञ) पेशागत हित प्रवर्द्धन र संरक्षण,

(ट) सामाजिक वा साँस्कृतिक प्रवर्द्धन,

(ठ) विकास तथा जनसरोकारका विषयहरुको पैरवी,

(ड) तोकिए बमोजिमको अन्य प्रकृति।

(३) संस्थाले आफ्नो विधानमा उपदफा (२) बमोजिम जुन प्रकृतिको वर्गीकरणमा आफूलाई राखेको छ सोही प्रकृतिको उद्देश्यमा मात्र सीमित रही कार्यसम्पादन गर्नु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकभन्दा बढी प्रकृतिको उद्देश्य कार्यान्वयन गर्नका लागि कुनै संस्था दर्ता गर्दा तोकिए बमोजिमको थप दस्तुर भुक्तानी गर्नु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि दर्ता भइसकेका संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र उपदफा (२) बमोजिम वर्गीकरण हुन पञ्जिकाधिकारीलाई लिखित सूचना दिनु पर्नेछ।

१९. <u>संस्थाले गर्न सक्ने काम</u>: (१) संस्थाले आफ्नो उद्देश्य पूरा गर्न यो ऐन, प्रचलित कानून तथा विधानको अधीनमा रही आवश्यक काम गर्न सक्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी संस्थाले खास गरी देहायका काम गर्न वा गराउन सक्नेछः-

(क) आफ्ना उद्देश्य कार्यान्वयनका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्ने र त्यसको कार्यान्वयन गर्ने, गराउने,

(ख) खण्ड (क) बमोजिमको कार्यक्रम कार्यान्वयन गर्न आवश्यक स्रोत जुटाउने,

(ग) विधानको अधीनमा रही आफ्नो कार्य क्षेत्रभित्र शाखा कार्यालय खोल्ने र त्यस मार्फत कार्य सम्पादन गर्ने,

(घ) संस्थाको बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ङ) आफ्नो उद्देश्य पूरा गर्नका लागि सदस्य वा स्वयंसेवकलाई परिचालन गर्ने,

(च) आफ्नो उद्देश्य कार्यान्वयन गर्न कर्मचारी, कामदार वा सल्लाहकार नियुक्ति गर्ने र निजको पारिश्रमिक, सुविधा र सेवाका शर्त निर्धारण गर्ने,

(छ) संस्थाको चल वा अचल, भौतिक वा अभौतिक र मूर्त वा अमूर्त सम्पत्तिको संरक्षण गर्ने,

(ज) आफ्नो उद्देश्य पूरा गर्न आवश्यक पर्ने सामग्री प्रकाशन गर्ने र प्रचार प्रसार गर्ने,

(झ) खण्ड (ज) बमोजिमका सामग्री बिक्री वितरण गर्ने,

(ञ) सामाजिक सचेतना र सामाजिक जागरण प्रवर्द्धन गर्ने,

(ट) कुनै व्यक्ति, संस्था, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त दान, अनुदान वा सहायता स्वीकार गर्ने,

(ठ) नागरिकको संस्कृतिको जगेर्ना र प्रवर्द्धन गर्ने,

(ड) राष्ट्रिय एकता र सामाजिक सद्भाव प्रवर्द्धन गर्ने,

(ढ) सामुदायिक विकास तथा पर्यावरण संरक्षण गर्ने,

(ण) सामाजिक सेवा र स्वयंसेवी भावनाको प्रवर्द्धन र विस्तार गर्ने,

(त) नेपाल बाहिर पनि काम गर्न सक्ने उद्देश्य भएको संस्था भए सम्बन्धित मुलुकको कानूनको अधीनमा रही त्यस्तो मुलुकमा सञ्जाल विस्तार गर्ने,

(ण) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(३) संस्थाले उपदफा (२) को खण्ड (च) बमोजिम कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतिस्पर्धाबाट गर्नु पर्नेछ।

तर कुनै खास काम गर्न एक वर्षभन्दा कम अवधिका लागि नियुक्त गर्दा खुल्ला प्रतिस्पर्धा गराउनु पर्ने छैन।

(४) यस ऐन बमोजिम अन्तराष्ट्रिय गैरसरकारी संस्थाले उपदफा (१) र (२) बमोजिमको कार्य गर्न पञ्जिकाधिकारीको सिफारिसमा विभागको स्वीकृति लिनु पर्नेछ।

तर त्यस्तो गैरसरकारी संस्था कुटनीतिक नियोग अन्तर्गतको रहेको अवस्थामा नेपाल सरकार, परराष्ट्र मन्त्रालय मार्फतसमेत सिफारिस प्राप्त भएको हुनु पर्नेछ।

२०. <u>अनुमति प्राप्त गर्नु पर्ने</u>: (१) संस्थाले दफा १९ बमोजिम आफ्नो उद्देश्य बमोजिमको कामको लागि प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको छुट्टै अनुमतिपत्र वा इजाजतपत्र लिनु पर्ने वा कुनै निकायमा दर्ता गर्नुपर्ने भएमा सो बमोजिम अनुमतिपत्र वा इजाजतपत्र लिएर वा दर्ता गरेर मात्र त्यस्तो काम गर्नु पर्नेछ।

(२) राष्ट्रियस्तर वा प्रदेशस्तरको संस्थाले स्थानीय तहको स्तरमा कुनै परियोजना वा कार्यक्रम कार्यान्वयन वा सञ्चालन गर्नु अघि सम्बन्धित स्थानीय तहलाई जानकारी गराई त्यस्तो स्थानीय तहको समन्वयमा काम गर्नु पर्नेछ।

(३) सङ्घीय पञ्जीकारधिकारीको कार्यालयमा दर्ता भएको संस्थाले प्रदेशमा कार्य सञ्चालन गर्दा प्रदेशको सम्बन्धित मन्त्रालयमा समेत जानकारी दिई समन्वय गर्नु पर्नेछ।

२१. संस्थाले गर्न नहुने र गर्न नसक्ने काम: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले देहायको कुनै काम गर्न वा गराउन हुँदैनः-

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनतामा खलल पार्ने,

(ख) राष्ट्रको विरुद्ध जासुसी गर्ने वा गराउने,

(ग) संस्थाको जानकारीमा आएको राष्ट्रिय गोपनीयता भङ्ग गर्ने,

(घ) नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, सङ्गठन वा प्रतिनिधिलाई सहयोग गर्ने,

(ङ) राज्य द्रोह गर्ने,

(च) सङ्घीय एकाइबीचको सुसम्बन्ध खलल पार्ने,

(छ) जातीय वा साम्प्रदायिक द्वेष फैलाउने,

(ज) विभिन्न जात, जाति, भाषा, धर्म, संस्कृति र सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने,

(झ) हिंसात्मक कार्य गर्न दुरुत्साहन दिने वा हिंसाको प्रचार प्रसार गर्ने वा गराउने,

(ञ) अन्य प्रचलित कानूनमा गर्न नहुने भनी उल्लेख भएका कुनै पनि कार्य गर्ने वा गराउने।

(२) उपदफा (१) मा उल्लेख भएको कामका अतिरिक्त संस्थाले देहायका काम गर्न सक्ने छैनः-

(क) सार्वजनिक नैतिकताको प्रतिकूल हुने कुनै काम गर्ने वा गराउने,

(ख) कुनै व्यापार, व्यवसाय वा पेशा सञ्चालन गर्ने वा मुनाफा कमाउने वा मुनाफा वितरण गर्ने कुनै काम गर्ने वा गराउने,

स्पष्टीकरण: संस्थाले आफ्नो कोषको रकम बैङ्कमा जम्मा गरेको वा तत्काल संस्थालाई आवश्यक नपर्ने रकम लगानी गरेको वा यस ऐन बमोजिम सार्वजनिक कल्याणको लागि कुनै परियोजना कार्यान्वयन गरेको कारणबाट प्राप्त गर्ने मनासिब प्रतिफललाई व्यापार वा मुनाफा कमाएको मानिने छैन।

(ग) दलगत राजनीतिक काम, कारबाही सञ्चालन गर्ने वा कुनै दलको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्ने वा गराउने,

(घ) उपदफा (१) मा लेखिए बाहेक प्रचलित कानूनको प्रतिकूल हुने अन्य कुनै काम गर्ने वा गराउने।

(३) संस्थाको तर्फबाट उपदफा (१) वा (२) बमोजिमको कुनै काम भएमा त्यस्तो काम जुन व्यक्तिले गरेको हो सोही व्यक्ति र त्यस्तो व्यक्ति पहिचान हुन नसकेमा सम्बन्धित संस्थाको कार्यकारी समितिका पदाधिकारी र कार्यकारी समितिका सदस्य जिम्मेवार हुनेछन्।

(५) उपदफा (१) वा (२) बमोजिमको कुनै काम संस्थाभित्र वा संस्थाका पदाधिकारी वा कर्मचारीले गरेको कुरा संस्थालाई जानकारी भए पछि त्यस्तो कामको सम्बन्धमा अधिकार प्राप्त अधिकारीलाई जानकारी गराई त्यस्तो पदाधिकारी वा कर्मचारीलाई कारबाही गरेको रहेछ भने त्यस्तो काम सम्बन्धित संस्थाले गरेको मानिने छैन।

२२. <u>वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः</u> (१) संस्थाले प्रत्येक आर्थिक वर्ष प्रारम्भ भएको तीन महिनाभित्र अघिल्लो आर्थिक वर्षमा त्यस्तो संस्थाले सञ्चालन गरेको काम, कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी पञ्जिकाधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायको विवरण उल्लेख वा संलग्न गर्नु पर्नेछः-

(क) संस्थाले सञ्चालन गरेको कार्यक्रम वा परियोजनाको विवरण,

(ख) खण्ड (क) बमोजिमको कार्यक्रम वा परियोजना सञ्चालन गर्दा लागेको रकम तथा त्यसको स्रोत,

(ग) खण्ड (क) बमोजिमको कार्यक्रम वा परियोजनाको सञ्चालनबाट प्राप्त लाभ, लाभग्राहीको विवरण,

(घ) संस्थामा संलग्न कर्मचारी र कामदार,

(ङ) संस्थाको आर्थिक प्रतिवेदन (आर्थिक सहायता, अनुदान, दान, चन्दा आदि बाट प्राप्त स्रोत समेत)

(च) संस्थाका साधारण सदस्य, कार्यकारी समितिका पदाधिकारी तथा सदस्यको विवरण,

(ज) अन्य आवश्यक विवरण।

(३) उपदफा (२) बमोजिमका विषय समावेश भएको प्रतिवेदन तीन महिनाभित्र पेश गर्न नसकेमा सम्बन्धित पञ्जिकाधिकारीको स्वीकृतिमा तोकिए बमोजिम दस्तुर बुझाई अर्को तीन महिनाभित्र बुझाउन सकिनेछ।

२३. सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण वा सार्वजनिकीकरण कार्यक्रम सञ्चालन गर्नु पर्नेः संस्थाले दफा २२ मा उल्लिखित विषयका अतिरिक्त अन्य आवश्यक विषय समेटी कार्यक्रम सञ्चालन गरेको भौगोलिक क्षेत्रका लाभग्राही, सञ्चारकर्मी र सरोकारवाला पक्षको सहभागितामा वार्षिक रुपमा न्यूनतम एक पटक सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण वा सार्वजनिकीकरण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद-५

## विदेशी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्बन्धी व्यवस्था

२४. सूचीकृत भई अनुमतिपत्र प्राप्त गर्नु पर्नेः (१) नेपालभित्र काम गर्न वा कुनै परियोजना सञ्चालन गर्न चाहने कुनै पनि विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले सो प्रयोजनको लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा सूचीकृत हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकृत हुन चहाने विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले देहायका कागजात सहित संघीय पञ्जिकाधिकारीको कार्यालयमा सिफारिसको लागि अनुरोध गर्नु पर्नेछ।

(क) सम्बन्धित संस्था कुन मुलुकमा दर्ता भएको हो सोको विवरण,

(ख) सम्बन्धित संस्थाको विधान र त्यसको नेपाली भाषामा गरिएको आधिकारिक अनुवाद,

(ग) काम गर्न चाहेको भौगोलिक क्षेत्र,

(घ) काम गर्न चाहेको काम वा सञ्चालन गर्न चाहेको परियोजना र त्यसको लागि अनुमानित वार्षिक बजेट रकम र सोको स्रोत,

(ङ) संस्था दर्ता भएको देशमा कालो सूचीमा नपरेको, टाट नपल्टेको र कुनै सजाय नपाएको स्वघोषणा,

(च) तोकिए बमोजिमका अन्य कागजात र विवरण।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा सङ्घीय पञ्जिकाधिकारीले सोको अध्ययन र जाँचबुझ गरी निवेदन प्राप्त भएको तीन महिनाभित्र त्यस्तो विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थालाई कुनै काम गर्न, परियोजना सञ्चालन गर्न, दर्ता गर्न वा अनुमति दिन सकिने वा नसकिने विषयको यकिन गरी अनुमति दिन सकिने भएमा सोको लागि सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमति प्राप्त भएको विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले पञ्जिकाधिकारीको सिफारिस सहित आवद्धताको लागि विभागमा पेश गर्नु पर्नेछ र विभागले आवश्यक अध्ययन गरी आवद्धता पत्र जारी गरी सोको जानकारी नेपाल सरकारको अर्थ मन्त्रालय, मन्त्रालय र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम आवद्धता गर्नु पूर्व विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थालाई विभागले आवश्यक देखेमा सर्त समेत तोक्न सक्नेछ।

(६) उपदफा (६) बमोजिम आवद्धता प्राप्त गरेको विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले परियोजना सञ्चालन गर्नु अघि अर्थ मन्त्रालयमा सूचीकृत भएको हुनु पर्नेछ र त्यसरी सूचीकृत भएपछि नेपालमा कार्य गर्न अनुमति प्राप्त गरेको मानिनेछ।

(७) उपदफा (६) बमोजिम सूचीकरणको लागि सिफारिस भई आएमा अर्थ मन्त्रालयले विदेशी सहयोगको अवस्था, उत्पादकत्व तथा प्रभाव र असर सहितका विषयहरुलाई दृष्टिगत गरी त्यस्तो संस्थालाई सूचीकृत गर्ने सम्बन्धमा निर्णय गरी महिला बालबालिका तथा ज्येष्ट नागरिक मन्त्रालय मार्फत विभागलाई जानकारी गराउनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि परियोजना सञ्चालन गरिरहेको विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले सम्झौता बमोजिम कार्य सञ्चालन गर्न वाधा पुग्ने छैन।

तर त्यस्ता संस्थाले आफ्नो कार्यक्रम तथा परियोजनाको सम्बन्धमा पञ्जिकाधिकारीको कार्यालय र विभागमा जानकारी गराई तीन महिनाभित्र नेपाल सरकार, अर्थ मन्त्रालयमा सूचिकृत भएको हुनु पर्नेछ।

(९) यस दफा बमोजिम अनुमति प्राप्त गरी सूचिकृत भएको विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले कार्यक्रम अवधिको लागि कुनै कार्यालय स्थापना गर्नु पूर्व विभागको सिफारिस सहित पञ्जिकाधिकारीको कार्यालयमा निवेदन गर्नु पर्नेछ र पञ्जिकाधिकारीले तत्सम्बन्धमा आवश्यक निर्णय गर्नेछ।

(१०) यस दफा बमोजिम अनुमतिपत्र प्राप्त गर्न निवेदक संस्थाले तोकिएको रकम अनुमतिपत्र दस्तुर बापत बुझाउनु पर्नेछ।

(११) विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वा त्यस्ता संस्थाका प्रतिनिधि, पदाधिकारी वा कर्मचारीले नेपालमा कार्यसम्पादन गर्दा यो ऐन र प्रचलित कानूनको पालना गर्नु पर्नेछ।

(१२) विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले आफ्नो कार्यसम्पादन पूरा गरेको वा अन्य कुनै कारणले नेपालमा काम गर्न नसक्ने अवस्था भएमा त्यस्तो संस्थाको नेपालमा रहेको चल र अचल सम्पत्ति सम्बन्धित पक्षसँग भएको सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकारमा हस्तान्तरण हुनेछ।

२५. <u>नेपाली संस्था मार्फत गर्नु पर्ने</u>: (१) दफा २४ बमोजिम अनुमति प्राप्त गरी नेपालमा कुनै काम गर्ने वा परियोजना सञ्चालन गर्ने विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले नेपालमा दर्ता भएको कुनै संस्था मार्फत त्यस्तो काम गर्नु वा परियोजना सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि संस्था छनौट गर्दा प्रतिस्पर्धात्मक हुने गरी तोकिए बमोजिमको कार्यविधि पुरा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यको प्रकृति र अवस्था कुनै एक गैररकारी संस्था मार्फत सम्पादन हुन सक्ने अवस्था नभएको अवस्थामा दुई वा दुई भन्दा बढि संस्थाको साझेदारीमा त्यस्तो परियोजना वा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

२६. <u>परियोजना सम्झौता गर्नु पर्ने</u>: (१) विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले कुनै परियोजना कार्यान्वयन गर्नु पर्ने भएमा दफा २४ र २५ को अधीनमा रही त्यस्तो परियोजनाको कार्यक्षेत्रको आधारमा विभागसँग परियोजना सम्झौता गर्नु पर्नेछ र सोको जानकारी विभागले संघीय पञ्जिकाधिकारीको कार्यालय र सम्बन्धित स्थानीय तहलाई एक्काइस दिनभित्र उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको परियोजना सम्झौता गर्नु पूर्व विभागले परियोजनाको लाभ लागत विश्लेषण, स्रोत परिचालन तथा परियोजनाबाट हासिल हुने उपलब्धको अध्ययन तथा विश्लेषण गर्नेछ।

(३) उपदफा (१) बमोजिम गरिएको परियोजना सम्झौताको जानकारी विभागले नेपाल सरकारको अर्थ मन्त्रालय, मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र संघीय पञ्जिकाधिकारीको कार्यालयमा गराउनु पर्नेछ र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहमा समेत पठाउनेछ।

(४) यस दफा बमोजिमको परियोजना सम्झौताको ढाँचा, विश्लेषण र परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने सहजीकरण तथा यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. <u>बैकिङ्ग प्रणाली मार्फत रकम प्राप्त गर्ने</u>: (१) दफा २४ बमोजिम अनुमतिपत्र प्राप्त गरेको विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले नेपालमा काम गर्ने वा परियोजना कार्यान्वयन गर्ने प्रयोजनका लागि नेपालमा रकम ल्याउँदा बैकिङ्ग प्रणाली मार्फत हस्तान्तरण वा भुक्तानी हुने गरी ल्याउनु पर्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले उपदफा (१) बमोजिम विदेशबाट नेपालमा रकम प्राप्त गर्दा विदेशी मुद्रामा खाता सञ्चालन गर्न सक्नेछ।

२८. नेपाली मानवस्रोत उपयोग गर्नु पर्ने: (१) दफा २४ बमोजिम अनुमति प्राप्त गरी नेपालमा कुनै काम गर्ने वा परियोजना सञ्चालन गर्ने विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले त्यस्तो काम गर्दा वा परियोजना सञ्चालन गर्दा आवश्यक हुने विशेषज्ञ, कर्मचारी, सल्लाहकार वा कामदार नेपाली नागरिकहरु मध्येबाट तोकिएबमोजिम नियुक्ति गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विशेषज्ञ, कर्मचारी, सल्लाहकार वा कामदार नियुक्तिको लागि राष्ट्रियस्तरको समाचार पत्रमा कम्तीमा पन्ध्र दिनको समय दिई दुई पटकसम्म विज्ञापन गरी आव्हान गर्दा पनि उपयुक्त विशेषज्ञ वा कर्मचारी नेपाली नागरिकहरु मध्येबाट उपलब्ध हुन नसकेमा त्यसको सबुद र प्रमाण सहित सङ्घीय पञ्जिकाधिकारीमार्फत मन्त्रालयको स्वीकृति प्राप्त गरी परियोजना अवधिसम्मका लागि विदेशी विशेषज्ञ वा कर्मचारी नियुक्ति गर्न सकिनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २४ बमोजिम अनुमति प्राप्त गरी नेपालमा काम गर्ने वा परियोजना सञ्चालन गर्ने विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको आवासीय वा देशीय प्रतिनिधिको रुपमा एकजना विदेशी नागरिकलाई नेपाल सरकारले संस्थामा काम गर्ने अनुमति प्रदान गर्न सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम नियुक्त विशेषज्ञ, कर्मचारी वा प्रतिनिधिलाई सङ्घीय पञ्जिकाधिकारीको सिफारिसमा नेपाल सरकारले प्रचलित कानून बमोजिम आवश्यक प्रवेशाज्ञा (भिसा) उपलब्ध गराउन सक्नेछ।

२९. **सम्झौता बमोजिम कार्य गर्नु पर्ने:** (१) विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र त्यस्तो संस्थासँग साधेदारी गर्ने नेपालको संस्थाले सम्झौताको सर्त बमोजिम परियोजना वा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य नगरेको पाइएमा विभागले परियोजना वा कार्यक्रमको प्रमुखलाई आवश्यक कार्य गर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्ने गराउने दायित्व त्यस्तो विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र सोको नेपाल स्थित प्रमुखको हुनेछ।

(३) उपदफा (२) बमोजिमको दायित्व पूरा नगरेमा विभागले सुनुवाईको मौका दिई महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहमतिमा त्यस्तो सम्झौताको अन्त्य गर्न सक्नेछ।

(४) कुनै विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले नेपालमा काम गर्न इच्छुक नभएको वा काम गर्न नसक्ने भएको भनी विभागमा निवेदन गरेमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको स्वीकृतिमा विभागले त्यस्तो सम्झौताको अन्त्य गर्न सक्नेछ।

(५) यस दफा बमोजिम सम्झौताको अन्त्य भएमा विभागले सोको जानकारी नेपाल सरकारको अर्थ मन्त्रालय, मन्त्रालय, सङ्घीय पञ्जिकाधिकारीको कार्यालय र सम्बन्धित विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थालाई जानकारी गराउनु पर्नेछ।

(६) यस दफा बमोजिम सम्झौता अन्त्य भएको विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको चल र अचल सम्पत्ति दफा २४ को उपदफा (१२) मा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद-६
## आर्थिक सहयोग सम्बन्धी व्यवस्था

३०. आर्थिक सहयोग प्राप्त गर्न अनुमति प्राप्त गर्नु पर्नेः (१) कुनै कार्यक्रम सञ्चालन वा परियोजना कार्यान्वयन गर्न विदेशी सरकार वा निकाय, अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट वस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै सहयोग वा अनुदान प्राप्त गर्न चाहने संस्थाले देहायको विवरण खुलाई स्वीकृतिको लागि समाजकल्याण विभाग समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) संस्थाको दर्ता मिति र त्यसको संक्षिप्त विवरण,

(ख) संस्थाका मुख्य उद्देश्य,

(ग) सञ्चालन गर्न वा कार्यान्वयन गर्न प्रस्ताव गरिएको कार्यक्रम वा परियोजना,

(घ सम्बन्धित संस्थाको विधान र त्यसको नेपाली भाषामा गरिएको आधिकारिक अनुवाद,

(ङ) काम गर्न चाहेको भौगोलिक क्षेत्र,

(च) गर्न चाहेको काम वा सञ्चालन गर्न चाहेको परियोजना र त्यसको लागि अनुमानित वार्षिक बजेट रकम,

(छ) सहकार्य गर्न प्रस्ताव गरिएको नेपालको संस्थाको विवरण, त्यस्तो संस्थाको दर्ता तथा नवीकरणको प्रमाणपत्र र विधानको प्रमाणित प्रतिलिपि,

(ज) कार्यक्रमसँग सम्बन्धित सङ्घीय निकाय, मन्त्रालय, आयोग वा समितिको सहमति,

(झ) प्रदेश वा स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिने भएमा प्रदेश वा स्थानीय तहले उपलब्ध गराएको सहमति,

(ञ) कार्यक्रम सञ्चालन वा परियोजना कार्यान्वयन गर्न आवश्यक हुने रकम।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब लागेमा विभागले सहमतिको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मार्फत नेपाल सरकारको अर्थ मन्त्रालयमा पठाउने छ र अर्थ मन्त्रालयको सहमतिमा विभागले त्यस्तो सहयोग प्राप्त गर्न स्वीकृति प्रदान गर्न सक्नेछ।

(३) स्थानीय पञ्जिकाधिकारी वा जिल्ला प्रशासन कार्यालय वा प्रदेश पञ्जिकाधिकारीको कार्यालयमा दर्ता भएको संस्थाले यस दफा बमोजिम आर्थिक सहयोग प्राप्तिको लागि सङ्घीय पञ्जिकाधिकारीको सिफारिस प्राप्त गरेको हुनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २६ बमोजिम परियोजना सम्झौता भएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपालमा आर्थिक सहयोग प्राप्त गर्दा उक्त सम्झौताको हदसम्मको रकम प्राप्त गर्न विभागले सोझै स्वीकृति प्रदान गर्न सक्नेछ।

३१. <u>नेपाल स्थित विदेशी नियोगबाट आर्थिक सहयोग प्राप्त गर्नेः</u> (१) दफा ३० मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले नेपाल स्थित विदेशी दूतावास वा नियोग, संयुक्त राष्ट्र सङ्घ वा संयुक्त राष्ट्र सङ्घीय विशिष्टीकृत निकायका आवासीय कार्यालय, अन्तर्राष्ट्रिय वित्तीय संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट कुनै किसिमको आर्थिक सहयोग वा अनुदान प्राप्त गर्दा नेपालमा दर्ता भएको संस्था मार्फत कार्यक्रम सञ्चालन वा परियोजना कार्यान्वयन गर्ने गरी प्राप्त गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी प्राप्त गरिएको रकम नेपालमा खर्च गर्न सकिने छैन।

(३) द्विपक्षीय वा बहुपक्षीय सम्झौता भई बजेटरी सहयोगको रुपमा नेपाल सरकारलाई प्राप्त हुने वा बजेट प्रणालीमा समावेश भएको रकमबाट उपदफा (१) बमोजिमको सहयोग वा अनुदान दिन पाइने छैन।

३२. <u>प्रयोजन बमोजिम रकम खर्च गर्नु पर्नेः</u> (१) संस्थाले जुन प्रयोजनका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विदेशी सरकार वा नेपाल स्थित विदेशी नियोग, अन्तर्राष्ट्रिय

वित्तीय संस्था वा गैर सरकारी संस्थाबाट रकम प्राप्त गरेको हो सो रकम सोही प्रयोजनको लागि खर्च गर्नु पर्नेछ।

(२) दफा ६ बमोजिम दर्ता भएको संस्था वा दफा २४ बमोजिम अनुमित प्राप्त गरी नेपालमा काम गर्ने वा परियोजना सञ्चालन गर्ने विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले कुनै कार्यक्रम सञ्चालन गर्दा लागतको बढीमा बीस प्रतिशतसम्म मात्र प्रशासनिक खर्च गर्न पाउने छन्।

(३) उपदफा (१) वा (२) बमोजिम रकम खर्च गरेको विवरणको कार्यसम्पादन प्रतिवेदन संघीय पञ्जिकाधिकारी, विभाग र तोकिएको निकायमा दिनु पर्नेछ।

## परिच्छेद-७

## पञ्जिकाधिकारी तथा निजको काम, कर्तव्य र अधिकार

३३. सङ्घीय पञ्जिकाधिकारी रहनेः (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहायका संस्था दर्ता तथा सञ्चालन गर्नका लागि निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई सङ्घीय पञ्जिकाधिकारीको रुपमा नियुक्त गर्नेछः-

(क) मुलुकभरि नै सञ्जाल हुने सङ्घीयस्तरका पेशागत वा व्यवसायी संस्था,

(ख) मुलुकभरि नै वा दुई वा दुई भन्दा बढी प्रदेशमा कार्य क्षेत्र भएका संस्था,

(ग) खण्ड (क) वा (ख) बमोजिमका वा विभिन्न प्रदेश वा विभिन्न प्रदेशका स्थानीय तहमा दर्ता भएका संस्थाले स्थापना गरेका संस्थाको महासङ्घ,

(घ) नेपालमा दर्ता भई नेपाल बाहिर पनि उद्देश्य कार्यान्वयन गर्न सक्ने गैर सरकारी संस्था।

(२) उपदफा (१) बमोजिम नियुक्त सङ्घीय पञ्जिकाधिकारीको कार्यालय मन्त्रालय अन्तर्गत रहनेछ।

(३) उपदफा (१) बमोजिमको पञ्जिकाधिकारीका अतिरिक्त निजलाई सहयोग गर्न सहायक पञ्जिकाधिकारी, आवश्यक अन्य कर्मचारी तथा साधन स्रोत नेपाल सरकारले उपलब्ध गराउनेछ।

(४) सङ्घीय पञ्जिकाधिकारीको कार्यालयको संगठन संरचना नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

३४. सङ्घीय पञ्जिकाधिकारीको काम, कर्तव्य र अधिकारः (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सङ्घीय पञ्जिकाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संस्थाको सञ्चालन र व्यवस्थापनलाई सहजीकरण गर्ने,

(ख) संस्थालाई प्रचलित कानून बमोजिम उपलब्ध हुने सुविधाको सहज पहुँच सुनिश्चित गर्न सहयोग गर्ने,

(ग) संस्थाको दर्ता, सञ्चालन, नियमन र व्यवस्थापनका सम्बन्धमा समय समयमा गर्नु पर्ने नीतिगत, संस्थागत र कानूनी सुधारका सम्बन्धमा सम्बन्धित सरकार वा स्थानीय तहलाई सुझाव दिने,

(घ) परियोजना वा कार्यक्रम सञ्चालन वा कार्यक्षेत्रका सम्बन्धमा आफूसमक्ष दर्ता भएका संथाहरु बीच वा आफूसँग दर्ता भएको कुनै संस्था र प्रदेश, जिल्ला वा स्थानीय तहमा दर्ता भएको अन्य कुनकुनै संस्थाबीच विवाद उत्पन्न भएमा मध्यस्थको रुपमा विवाद समाधान गर्ने,

(ङ) संस्थाको सञ्चालन र व्यवस्थापनका सम्बन्धमा सम्बन्धित सरकार र सामाजिक संस्थाबीच समन्वय कायम गर्न सहयोग गर्ने,

(च) आफ्नो कार्यालयमा दर्ता भएका संस्थाको सञ्चालन तथा व्यवस्थापनको सम्बन्धमा आवश्यक निर्देशन दिने,

(छ) तोकिए बमोजिमको अन्य कार्य गर्ने वा गराउने।

(२) सङ्घीय पञ्जिकाधिकारीले देहायका विवरण समावेश गरी आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछः-

(क) सङ्घ, प्रदेश र स्थानीय तहमा दर्ता भई सञ्चालनमा रहेको संस्थाको कुल विवरण,

(ख) नेपालमा कार्यरत कुल विदेशी गैर सरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको विवरण,

(ग) खण्ड (क) र (ख) बमोजिमका संस्थामा संलग्न मानव स्रोतको विवरण,

(घ) खण्ड (क) र (ख) बमोजिमका संस्थाको वित्तीय कारोबारको विवरण,

(ङ) संस्थाको नियमन र सञ्चालनका सम्बन्धमा पञ्जिकाधिकारीले गरेका काम, कारबाहीको विवरण,

(च) प्रतिवेदनले समेटेको आर्थिक वर्षभित्र दर्ता, निलम्बन वा खारेज गरिएका संस्थाको विवरण,

(छ) संस्थाको काम कारबाहीलाई प्रभावकारी र पारदर्शी बनाउन र संस्थाको दिगोपना सुनिश्चित गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारको विवरण,

(ज) अन्य आवश्यक विवरण।

(३) मन्त्रालयले उपदफा (२) बमोजिम प्राप्त भएको प्रतिवेदन प्रतिनिधि सभाको सम्बन्धित समितिमा पेश गर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३५ बमोजिम प्रदेश पञ्जिकाधिकारी नतोकिएसम्म निजले गर्ने कार्य सङ्घीय पञ्जिकाधिकारीले र स्थानीय पञ्जिकाधिकारी नतोकिएसम्म निजले गर्नु पर्ने काम सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले गर्नेछ।

३५. <u>प्रदेश, जिल्ला तथा स्थानीय तहका पञ्जिकाधिकारीः</u> (१) प्रदेश सरकारले देहायका संस्थाको दर्ता, नवीकरण, सञ्चालन र नियमन गर्नका लागि प्रदेश कानून बमोजिम प्रदेश निजामती सेवा अन्तर्गतको कुनै अधिकृत कर्मचारीलाई प्रदेश पञ्जिकाधिकारीको रुपमा तोक्न सक्नेछः-

(क) प्रदेश भित्रका दुई वा दुई भन्दा बढी जिल्लामा कार्यक्षेत्र भएका संस्था,

(ख) खण्ड (क) बमोजिमका संस्था वा सम्बन्धित प्रदेशभित्रका फरक फरक जिल्लाका विभिन्न स्थानीय तहमा दर्ता भएका संस्थाको सङ्घ वा महासङ्घ।

(२) जिल्लाभित्रको कार्य क्षेत्र भएका संस्थाको दर्ता, नवीकरण, सञ्चालन र नियमन सम्बन्धी देहाय बमोजिमका कार्य गर्न सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई नेपाल सरकारको गृह मन्त्रालयले जिल्ला पञ्जिकाधिकारीको रुपमा तोक्न सक्नेछः-

(क) जिल्ला भित्रका दुई वा दुई भन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र भएका संस्था,

(ख) खण्ड (क) बमोजिमका जिल्ला भित्रका विभिन्न स्थानीय तहमा दर्ता भएका संस्थाको सङ्घ वा महासङ्घ।

(३) स्थानीय तहले स्थानीय कानून बमोजिम देहायका संस्थाको दर्ता, नवीकरण, सञ्चालन र नियमन गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई स्थानीय पञ्जिकाधिकारीको रुपमा तोक्न सक्नेछः-

(क) सम्बन्धित स्थानीय तह वा त्यसको कुनै वडास्तरमा कार्यक्षेत्र भएको संस्था,

(ख) स्थानीय समुदायमा आधारित संस्था,

(ग) खण्ड (क) वा (ख) बमोजिम दर्ता भएका संस्थाको स्थानीय सङ्घ।

(४) उपदफा (१), (२) वा (३) बमोजिम प्रदेश पञ्जिकाधिकारी, जिल्ला पञ्जिकाधिकारी वा स्थानीय पञ्जिकाधिकारीले कुनै संस्था दर्ता गरेकोमा सोको पन्ध्र दिनभित्र

त्यस्तो संस्था दर्ता भएको जानकारी एवम् उक्त संस्थासँग सम्बन्धित देहायको विवरण सङ्घीय पञ्जिकाधिकारीको कार्यालय र विभागमा दिनु पर्नेछः-

(क) संस्थाको नाम, दर्ता मिति र दर्ता नम्बर,

(ख) संस्थाको प्रमुख उद्देश्य,

(ग) संस्थाको कार्यक्षेत्र,

(घ) कार्यकारी समितिका पदाधिकारी र कार्यकारी समितिका सदस्यको विवरण।

(५) उपदफा (४) को अधीनमा रही प्रदेशस्तरका संस्था, जिल्लास्तरका संस्था र स्थानीय तहस्तरका संस्थाको दर्ता, दर्ताको शर्त, नवीकरण र त्यसको कार्यविधि, संस्थाको नियमन, निलम्बन वा खारेजी, संस्था दर्ता वा नवीकरण शुल्क, संस्थाले पेश गर्नु पर्ने प्रतिवेदन, संस्थाको अनुगमन, निरीक्षण वा नियमन यस ऐन तथा प्रदेश कानून र स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

(६) उपदफा (१), (२) वा (३) बमोजिमका पञ्जिकाधिकारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिना भित्र दफा ३४ को उपदफा (२) को प्रयोजनका लागि सङ्घीय पञ्जिकाधिकारीलाई आवश्यक विवरण उपलब्ध गराउनु पर्नेछ।

३६. निर्देशन तथा सुझाव दिन सक्नेः (१) विभागले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवद्ध भएको संस्थाको काम, कारबाहीलाई मर्यादित, पारदर्शी, समाजसेवी वा कल्याणकारी बनाई यसको दिगोपनलाई सुनिश्चित गर्न समय समयमा लिखित निर्देशन वा सुझाव दिन सक्नेछ।

(२) सङ्घीय पञ्जिकाधिकारीले प्रदेश वा स्थानीय तह अन्तर्गतका कुनै संस्थालाई प्रदेश पञ्जिकाधिकारी वा स्थानीय पञ्जिकाधिकारी मार्फत आवश्यक निर्देशन वा सुझाव दिन सक्नेछ।

(३) यस ऐन बमोजिम जिल्लास्तरको संस्थाको विषयमा संघीय पञ्जिकाधिकारीले कुनै सुझाव दिनु परेको अवस्थामा मन्त्रालय मार्फत लेखि पठाउन सक्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिमको निर्देशन तथा उपदफा (३) बमोजिमको सुझावको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

३७. उजुरी दिन सक्नेः (१) यस ऐनमा अन्यत्र अन्य कुरा लेखिएकोमा बाहेक यो ऐन वा प्रचलित कानून बमोजिम पञ्जिकाधिकारीले गरेको निर्णय वा दिएको निर्देशन उपर चित्त नबुझ्ने संस्थाले त्यस्तो निर्णय वा निर्देशन भएको मितिले एक्काइस दिनभित्र देहायको निकाय समक्ष उजुर गर्न सक्नेछः-

(क) सङ्घीय पञ्जिकाधिकारीले गरेको निर्णय वा दिएको निर्देशन भए मन्त्रालयको सचिव समक्ष,

(ख) प्रदेश पञ्जिकाधिकारीले गरेको निर्णय वा आदेश भए प्रदेश कानून बमोजिम निर्धारण भएको प्रदेश मन्त्रालय समक्ष,

(ग) जिल्ला पञ्जिकाधिकारीले गरेको निर्णय वा दिएको निर्देशन भए मन्त्रालय समक्ष,

(घ) स्थानीय पञ्जिकाधिकारीले गरेको निर्णय वा आदेश भए सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिका समक्ष।

(२) उपदफा (१) बमोजिमको उजुरी प्राप्त भएमा त्यस्तो निकायले उजुरी प्राप्त भएको दुई महिनाभित्र उपदफा (१) को खण्ड (क) र (ग) बमोजिमको उजुरी सम्बन्धमा तोकिए बमोजिम र खण्ड (ख) वा (घ) बमोजिमको उजुरी सम्बन्धमा सम्बन्धित प्रदेश कानून वा स्थानीय कानून बमोजिम निर्णय गरी त्यसको जानकारी निवेदकलाई दिनु पर्नेछ।

३८. <u>आचार संहिता</u>: (१) कार्यकारी समितिले सम्बन्धित संस्थाको प्रकृति अनुसार कार्यकारी समितिका पदाधिकारी वा सदस्यले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आचार संहिता पालना गर्नु सम्बन्धित पदाधिकारी, सदस्य वा संस्थाको कर्तव्य हुनेछ।

(३) सम्बन्धित पञ्जिकाधिकारीले समय समयमा संस्था, कार्यकारी समितिका पदाधिकारी वा सदस्यले उपदफा (१) बमोजिमको आचार संहिता पालना गरे वा नगरेको अनुगमन गर्न वा गराउन सक्नेछ।

३९. <u>अनुगमन गर्न सक्ने</u>: (१) सम्बन्धित पञ्जिकाधिकारीले यस ऐन बमोजिम संस्था सञ्चालन भए वा नभएको अनुगमन गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा वा गराउँदा अनुगमन गर्ने अधिकारीले सम्बन्धित संस्थाबाट आवश्यक कागजात र विवरण माग गर्न सक्नेछ र त्यस्तो कागजात वा विवरण उपलब्ध गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

(३) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले संस्थाको गतिविधि सम्बन्धमा अनुगमन गर्न सक्नेछ र यसरी अनुगमन गर्दा यस ऐन बमोजिम सञ्चालन नभएको संस्थालाई आफूले कारबाही गर्ने विषयमा आफैले र अन्यको हकमा कारबाहीको लागि सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

## परिच्छेद-८
## <u>निर्देशक समिति</u>

नेपाल सरकार

२६

४०. <u>निर्देशक समितिः</u> (१) संस्थाको नियमन, सञ्चालन तथा समाजकल्याण सम्बन्धी कार्यका सम्बन्धमा नीतिगत निर्देशन दिन तथा त्यस्ता संस्थासँगको समन्वय गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री -अध्यक्ष

(ख) सदस्य (सम्बन्धित विषय हेर्ने), राष्ट्रिय योजना आयोग -सदस्य

(ग) सचिव (सम्बन्धित विषय हेर्ने), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय - सदस्य

(ङ) सचिव, मन्त्रालय -सदस्य

(च) सचिव, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(छ) सचिव, नेपाल सरकार, परराष्ट्र मन्त्रालय -सदस्य

(ज) सचिव, नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(झ) सचिव, नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय -सदस्य

(ञ) सङ्घीय पञ्जिकाधिकारी -सदस्य

(ट) महानिर्देशक, विभाग -सदस्य-सचिव

(२) समितिको बैठकमा प्रदेश सरकारका सम्बन्धित मन्त्री, नेपाल सरकारका अधिकृत, सामाजिक संस्थाका विशेषज्ञ, सामाजिक संस्था वा महासङ्घका कुनै पदाधिकारीलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

४१. <u>समितिको बैठक सम्बन्धी कार्यविधिः</u> (१) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य–सचिवले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना र बैठकमा छलफल हुने विषयको कार्यसूची बैठक बस्ने तीन दिन अगावै समितिको सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

नेपाल सरकार गृह मन्त्रालय

(३) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४२. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संस्थाको समन्वय, सञ्चालन तथा परिचालन सम्बन्धमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ख) संस्थाको नियमन, सञ्चालन तथा अनुगमन सम्बन्धी मापदण्ड निर्धारण गरी कार्यान्वयनका लागि सङ्घीय पञ्जिकाधिकारीलाई मन्त्रालय मार्फत सुझाव पठाउने र विभागलाई आवश्यक निर्देशन दिने,

(ग) संस्थाको नियमन तथा सञ्चालनका क्षेत्रमा गर्नु पर्ने समग्र नीतिगत, कानूनी र संस्थागत सुधारका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई समय समयमा सुझाव दिने,

(घ) संस्थाको नियमित अनुगमनको मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने वा गराउने,

(ङ) समाज सेवालाई मानव सेवाको एक आधार स्तम्भको रुपमा विकास गरी नागरिकलाई स्वेच्छाले समाज सेवा प्रति उत्प्रेरित गर्न आवश्यक नीति र कार्यक्रम बनाई कार्यान्वयन गर्ने वा गराउने,

(च) स्वयंसेवाको भावना प्रवर्द्धन गरी स्वयंसेवालाई नागरिक सेवाको उत्कृष्ट सेवाको स्वरुपमा विकास गरी नागरिकलाई स्वयंसेवा गर्न उत्प्रेरणा गर्ने कार्यक्रम सञ्चालन गर्ने वा गराउने।

४३. **कार्यदल गठन गर्न सक्ने**: (१) समितिले सम्पादन गर्नु पर्ने कामसँग सम्बन्धित कुनै विषयमा अध्ययन र अनुसन्धान गर्न समितिको कुनै सदस्य वा नेपाल सरकारको कुनै अधिकृत वा कुनै विषय विज्ञको संयोजकत्वमा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित कार्यदलको कार्यक्षेत्रगत शर्त (टर्मस् अफ रेफरेन्स) तथा सुविधा त्यस्तो कार्यदलले गठन गर्दाका बखत निर्धारण भए बमोजिम हुनेछ।

४४. **समाज कल्याण विभाग**: (१) समाज कल्याणसम्बन्धी काम कारवाहीलाई एक रुपता कायम गरी यस क्षेत्रमा आवद्ध संघ संस्थाको सहजीकरणको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत एक समाज कल्याण विभाग रहनेछ।

(२) उपदफा (१) बमोजिमको विभागमा संघीय निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीलाई नेपाल सरकारले महानिर्देशकको रुपमा नियुक्त गर्नेछ।

(३) उपदफा (१) बमोजिमको विभागमा संघीय निजामती सेवाका कर्मचारी रहनेछन्।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम विघटन हुने समाज कल्याण परिषदको स्थायी दरबन्दीमा कार्यरत कर्मचारी नियुक्ति हुदाका सेवा, सर्त र सुविधा पाउने गरी विभागमा सर्नेछन्।

(५) विभागको संगठन संरचना नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

४५. **समाज कल्याण विभागको काम, कर्तव्य र अधिकार**: (१) यस ऐनमा अन्यत्र उल्लिखित कार्यका अतिरिक्त समाज कल्याण विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सङ्घीय पञ्जिकाधिकारी, प्रदेश पञ्जिकाधिकारी तथा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा दर्ता भएका सामाजिक संघ संस्थाको सम्बन्धमा विवरण प्राप्त गर्ने,

(ख) प्राप्त विवरणको आधारमा ती संस्थाहरु बीच समन्वय, अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने,

(ग) सामाजिक संघ संस्थाहरुको स्थापना, विकास, विस्तार र सुदृढिकरणको लागि आवश्यक सहयोग गर्ने, गराउने,

(घ) समाज कल्याण तथा समाजिक सेवासम्बन्धी नीति निर्माण तथा कार्यक्रम तर्जुमा, तालिम, आवद्ध संघ संस्थाको भौतिक सम्परीक्षण सम्बन्धी कार्य गर्ने,

(ङ) स्वदेशी, विदेशी वा अन्तराष्ट्रिय संघ संस्था र विदेशी राष्ट्रहरुसँग आवश्यक सम्झौता र करार गर्ने गराउने,

(च) राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रबाट समाज कल्याणको क्षेत्रमा आवश्यक सहयोग जुटाउन आवश्यक कार्य गर्ने र प्राप्त सहयोगको सदुपयोग गर्ने,

(छ) महिला बालबालिका तथा ज्येष्ट नागरिक मन्त्रालयले निर्देशन गरे बमोजिमका अन्य कार्य गर्ने।

(२) यस ऐन बमोजिम विभागले कार्य गर्दा सङ्घीय पञ्जिकाधिकारीसँग समन्वय गरी कार्य गर्नु पर्नेछ।

(३) सामाजिक संघ संस्थाको विभागमा हुने आवद्धता, अनुमति, सम्झौता, प्रमाणपत्र, आर्थिक सहयोग तथा विभागको काम, कर्तव्यसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४६. नीति विश्लेषण समितिः (१) सङ्घ संस्थाको सञ्चालनका सम्बन्धमा अख्तियार गर्ने नीतिका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिन मन्त्रालयको सचिवको संयोजकत्वमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रतिनिधि समेत रहने गरी तोकिए बमोजिमको एक नीति विश्लेषण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको नीति विश्लेषण समितिको काम, कर्तव्य, बैठक तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## संस्थाको कोष, लेखा, लेखापरीक्षण तथा सम्पत्तिको व्यवस्थापन

४७. संस्थाको कोषः (१) आफ्नो उद्देश्य पूरा गर्नका लागि आवश्यक कार्यक्रम वा आयोजना सञ्चालन गर्न वा काम कारबाही गर्न वा गराउन संस्थाको एक छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछः-

(क) सदस्यता शुल्क वा सदस्यता नवीकरण शुल्क बापत प्राप्त रकम,

(ख) संस्थाले उत्पादन गरेका कुनै प्रकाशनको बिक्रीबाट प्राप्त रकम,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य कुनै सरकारी वा सार्वजनिक निकाय वा संस्थाबाट प्राप्त रकम,

(घ) कुनै कम्पनी वा सङ्गठित संस्थाबाट सङ्गठित सामाजिक जिम्मेवारी (कर्पोरेट सोसल रिस्पोन्सीबिलिटी) अन्तर्गत खर्च गर्न प्राप्त हुने रकम,

(ङ) विदेशी व्यक्ति, संस्था, विदेशी सरकार वा अन्तर्राष्ट्रिय निकायबाट प्राप्त रकम,

(च) कुनै व्यक्ति वा संस्थाबाट अन्य कुनै किसिमबाट प्राप्त रकम।

(३) संस्थाले उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अघि सङ्घीय पञ्जिकाधिकारीको सहमतिमा विभागको सिफारिसमा नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति प्राप्त गर्नु पर्नेछ।

तर दफा २४, २५ र २६ मा व्यवस्था भएका विषयमा सोही बमोजिम हुनेछ।

(४) संस्थाले उपदफा (३) बमोजिमको रकम प्राप्त गर्दा बैङ्किङ्ग प्रणाली मार्फत प्राप्त गर्नु पर्नेछ।

(५) संस्थाले कुनै व्यक्तिलाई एक पटकमा दश हजार रुपैयाँभन्दा बढी रकम भुक्तानी गर्दा वा कुनै व्यक्ति वा संस्थाबाट दश हजार रुपैयाँभन्दा बढी रकम प्राप्त गर्दा बैङ्क चेक वा बैकिङ्ग प्रणाली मार्फत गर्नु पर्नेछ।

(६) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्दा तोकिए बमोजिम स्वीकृत कार्यक्रम वा परियोजनाको आधारमा प्राप्त गर्न सकिनेछ।

४८. <u>कोषको खाता सञ्चालन</u>: (१) संस्थाले दफा ४७ को उपदफा (१) बमोजिमको कोषमा प्राप्त हुने रकम प्रचलित कानून बमोजिम मान्यता प्राप्त बैंक तथा वित्तिय संस्थामा खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खाता कार्यकारी समितिको निर्णय बमोजिम त्यस्तो समितिको कम्तीमा एक जना पदाधिकारी र एक जना कर्मचारीको संयुक्त दस्तखतबाट वा कुनै दुई जना कर्मचारीको संयुक्त दस्तखतबाट विधानमा व्यवस्था भए बमोजिम खाता सञ्चालन गर्नु पर्नेछ।

४९. <u>संस्थाको लेखा</u>: (१) संस्थाले आफ्नो आर्थिक कारोबारको विवरण पारदर्शी ढङ्गबाट कायम राख्न प्रचलित कानून बमोजिम आवश्यक खाता, बही र स्रेस्ता राख्नु पर्नेछ र त्यस्तो खाता प्रमाणित विद्युतीय माध्यम वा स्वरुपमा पनि राख्न सकिनेछ।

(२) कार्यकारी समितिले उपदफा (१) बमोजिमको खाता, बही र स्रेस्ताको विवरण कम्तीमा पन्ध्र दिनको अवधिभित्र सदस्यले हेर्न पाउने गरी प्रत्येक आर्थिक वर्षका लागि समय निर्धारण गरी सदस्यलाई सूचना गर्नु पर्नेछ।

(३) संस्थाको रकम हिनामिना भएको कुनै उजुरी परेमा पञ्जिकाधिकारीले कुनै पनि बखत संस्थाको लेखा, खाता, बही, श्रेस्ता निरीक्षण गर्न वा गराउन सक्नेछ र त्यस्तो निरीक्षणको क्रममा माग भएको विवरण उपलब्ध गराउनु सम्बन्धित सँस्थाको प्रमुख र लेखा प्रमुखको कर्तव्य हुनेछ।

५०. <u>लेखापरीक्षण</u>: (१) महालेखा परीक्षकबाट सूचीकृत भएका लेखा परीक्षकमध्येबाट संस्थाको साधारण सभाबाट लेखा परीक्षक नियुक्त गर्नु पर्नेछ। लेखा परीक्षकले दफा ४९ बमोजिम संस्थाले राखेको लेखाको लेखापरीक्षण गर्नु पर्नेछ र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र दफा २२ बमोजिम पेश गर्ने प्रतिवेदनमा लेखापरीक्षणको प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

नेपाल सरकार

(२) उपदफा (१) बमोजिमको अवधि भित्र कुनै संस्थाले लेखापरीक्षण प्रतिवेदन पेश नगरेको वा संस्थाको रकम वा सम्पत्ति हिनामिना भएको विषयमा कुनै उजुरी परेमा वा पञ्जिकाधिकारीलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा पञ्जिकाधिकारीले त्यस्तो संस्थाको लेखाको लेखापरीक्षण गराउन सक्नेछ र त्यसरी लेखा परीक्षण गर्ने लेखापरीक्षकले पञ्जिकाधिकारी र सम्बन्धित कार्यकारी समितिलाई प्रतिवेदन बुझाउनेछ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लागेको खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ।

(४) संस्थाको लेखा परीक्षण गर्ने लेखा परीक्षक सम्बन्धी अन्य व्यवस्था महालेखा परीक्षकबाट निर्धारण भए बमोजिम हुनेछ र सोही बमोजिम सम्बन्धित संस्थाले लेखा परीक्षण गराउनु पर्नेछ।

(५) दफा २४ बमोजिम विभागसँग अनुमति प्राप्त गरी नेपालमा कार्यक्रम सञ्चालन गर्ने अन्तराष्ट्रिय गैरसरकारी संस्था वा विदेशी गैरसरकारी संस्थाले समेत यस दफा बमोजिम लेखा परीक्षण गराउनु पर्नेछ।

५१. <u>सम्पत्तिको व्यवस्थापनः</u> (१) संस्थाले आफ्नो चल, अचल, भौतिक, अभौतिक, मूर्त वा अमूर्त सम्पत्तिको विवरण सहितको लगत अद्यावधिक रुपमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको लगत सदस्यको निरीक्षणको लागि प्रत्येक वर्ष कम्तीमा पन्ध्र दिनको सूचना दिई कम्तीमा पन्ध्र दिनको लागि खुला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको लगत कार्यकारी समितिको प्रतिवेदन सहित वार्षिक साधारण सभामा पेश गर्नु पर्नेछ।

## परिच्छेद-१०

## विशेष प्रकृतिका संस्थाको सञ्चालन तथा नियमन

५२. <u>विशेष प्रकृतिका संस्थाः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि कायम रहेको राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम दर्ता भएका संस्थाको सम्बन्धमा देहायका विषयमा देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम दर्ता भएका राष्ट्रियस्तरका वर्गीय, व्यावसायिक, पेशागत संस्था भए त्यस्तै स्तर र प्रकृतिको उद्देश्य वा कार्यक्षेत्र भएको अर्को संस्था यस ऐन बमोजिम दर्ता गर्न सकिने छैन,

(ख) राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम दर्ता भएका संस्थाले दफा १२ बमोजिम प्रत्येक आर्थिक वर्षमा नवीकरण नगराई प्रत्येक तीन आर्थिक वर्षमा नविकरण गराउनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ भएको आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र उपदफा (१) बमोजिमका संस्थाले सङ्घीय पञ्जिकाधिकारीलाई यस दफा बमोजिमको सुविधा प्राप्त गर्न लिखित जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको जानकारी नगराउने संस्थाले यस दफा बमोजिमको सुविधा प्राप्त गर्न सक्ने छैन।

५३. राजनीतिक दलसँग सम्बद्ध संस्था: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि राजनीतिक दलसँग सम्बन्धित त्यस्ता दलका विभिन्न जनवर्गीय, पेशागत वा भातृ वा भगिनी संस्था वा प्रचलित कानून बमोजिम दर्ता हुने ट्रेड युनियन यस ऐन बमोजिम दर्ता हुन सक्ने छैन र त्यस्ता संस्थाका सम्बन्धमा यस ऐनको व्यवस्था लागू हुने छैन।

५४. सम्झौता बमोजिम हुने: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय महत्व वा सरोकारका विषयमा कुनै खास प्रकृतिको परियोजना सञ्चालन गर्न वा कुनै खास प्रकृतिको कार्य सम्पादन गर्न कुनै विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले नेपाल सरकारसँग सम्झौता गरी त्यस्तो काम गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका संस्थाले नेपालमा सम्पादन गर्ने काम वा परियोजनाको प्रकृति, अवधि, त्यसमा लाग्ने रकम, कार्य सम्पादन वा परियोजना कार्यान्वयन विधि, मानवस्रोत, कार्यक्षेत्र, प्रतिवेदन दिनु पर्ने विषय, त्यस्तो संस्थाले पाउने छूट, सुविधा तथा अन्य व्यवस्था उपदफा (१) मा उल्लिखित सम्झौता बमोजिम हुनेछ।

तर त्यस्तो सम्झौतामा उल्लेख नभएका विषयमा यस ऐनका व्यवस्था लागू हुनेछन्।

## परिच्छेद-११
## निलम्बन तथा विघटन

५५. संस्था वा पदाधिकारीको निलम्बन: (१) देहायको अवस्थामा देहायको अवधिका लागि कुनै संस्था स्वतः निलम्बन भएको मानिनेछ:-

(क) कुनै संस्था दफा १२ बमोजिम नवीकरण नभएमा नवीकरण गराउनु पर्ने अन्तिम म्याद समाप्त भएको मितिले छ महिनाको अवधिसम्म,

(ख) कुनै संस्थाले दफा २२ बमोजिम पेश गर्नु पर्ने वार्षिक प्रतिवेदन पेश नगरेमा त्यस्तो प्रतिवेदन पेश गर्नु पर्ने अन्तिम म्याद समाप्त भएको मितिले सोही आर्थिक वर्षको अन्तिम दिनसम्मको अवधिमा नबढाई त्यस्तो प्रतिवेदन पेश नगरेसम्म।

(२) उपदफा (१) बमोजिम अवस्था उत्पन्न भई संस्था निलम्बन भएमा सम्बन्धित संस्थाले सो सम्बन्धमा यथाशीघ्र पञ्जिकाधिकारीलाई जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निलम्बन भएको संस्थाले निलम्बनको अवधिभित्र नवीकरण गराएमा वा वार्षिक प्रतिवेदन पेश गरेमा नवीकरण गराएको वा प्रतिवेदन पेश गरेको मितिबाट त्यस्तो निलम्बन स्वतः अन्त्य हुनेछ।

(४) कार्यकारी समितिको कुनै पदाधिकारी वा सदस्यले दफा २१ को उपदफा (१) बमोजिमको कुनै काम गरेको कारणले त्यस्ता पदाधिकारी वा सदस्यका विरुद्ध कानून बमोजिम मुद्दा दायर भएमा वा प्रचलित कानून बमोजिम निज थुनामा रहेको अवधिभर निज स्वतः निलम्बन हुनेछ।

(५) उपदफा (१) बमोजिम संस्था निलम्बन भएमा निलम्बन फुकुवा हुनका लागि गर्नु पर्ने आवश्यक काम बाहेक अन्य कुनै काम गर्न सक्ने छैन।

(६) संस्थाको निलम्बन र विघटन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५६. <u>तदर्थ समिति गठन गर्न सक्ने</u>: (१) सम्बन्धित पञ्जिकाधिकारीले दफा ५५ को अवस्था परी कुनै संस्थाका पदाधिकारीहरु निलम्बन भई कार्यसञ्चालन हुन नसकेको भए तापनि त्यस्तो संस्थाबाट सञ्चालित कार्यक्रमको प्रभाव, असर र लाभको विश्लेषण गरी त्यस्तो संस्थाको नवीकरण भएको अवस्थामा तदर्थ कार्यसमिति गठन गर्न लगाई कार्य सञ्चालन गराउने व्यवस्था मिलाउन सक्नेछ।

(२) संघीय पञ्जिकाधिकारीको कार्यालयमा दर्ता भएका वा विभाग मार्फत आर्थिक सहयोग प्राप्त गरेका कुनै संस्थाको कार्य समितिले प्रचलित नेपाल कानून वा आफ्नो विधान विपरीत काम गरेमा त्यस्तो कार्य समितिलाई मन्त्रालयको परामर्शमा तोकिएको अवधिसम्म निलम्बन गर्न वा विघटन गर्न सक्नेछ।

तर त्यसरी निलम्बन वा विघटन गर्नु अघि त्यस्तो कार्य समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिईनेछ।

(३) उपदफा (२) बमोजिम कुनै संस्थाको कार्य समिति निलम्बन भएमा निलम्बन फुकुवा नभएसम्म र विघटन भएमा नयाँ कार्य समिति गठन नभएसम्म त्यस्तो संघ संस्थाको कार्य सञ्चालन गर्न मन्त्रालयको परामर्शमा पञ्जिकाधिकारीले सो संस्थाको साधारण सदस्यहरुमध्येबाट एउटा तदर्थ समिति गठन गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम कुनै संस्थाको कार्य समिति विघटन भएको कारणबाट उपदफा (३) बमोजिम गठित तदर्थ समितिले त्यसरी गठन भएको मितिले तीन महिनाभित्र त्यस्तो संस्थाको विधान बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ।

५७. <u>संस्थाको खारेजी तथा विघटन</u>: (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेको अवस्थामा वा संस्थाको साधारण सभाबाट निर्णय गरी खारेजीको माग गरेको अवस्थामा पञ्जिकाधिकारीले सो संस्थाको दर्ता खारेज गर्न सक्नेछ।

(२) देहायको अवस्थामा सम्बन्धित पञ्जिकाधिकारीले संस्था विघटन गर्ने आदेश दिन सक्नेछः-

(क) विधान बमोजिम साधारण सभाबाट संस्था विघटन गर्ने प्रस्ताव पारित गरी कार्यकारी समितिले पञ्जिकाधिकारी समक्ष निवेदन दिएमा,

(ख) यस ऐन वा विधान बमोजिम संस्थाको उद्देश्य पूरा गर्नका लागि कार्य सञ्चालन गर्न नसकेको कारण देखाई कार्यकारी समितिले संस्था विघटन गर्न पञ्जिकाधिकारी समक्ष निवेदन दिएमा,

(ग) दफा ५५ को उपदफा (१) बमोजिम कुनै संस्था निलम्बनमा रहेकोमा सो अवधिभर त्यस्तो संस्थाले सोको पालना नगरेको वा निलम्बनको अवधिमा गर्न नहुने अन्य कुनै काम कारबाही गरेमा।

(३) कुनै संस्थाको तर्फबाट दफा २१ को उपदफा (१) बमोजिमको कुनै काम वा सङ्गठित अपराध गरेको अदालतबाट ठहर भएमा त्यस्तो संस्था स्वतः विघटन भएको मानिनेछ।

(४) उपदफा (२) बमोजिमको कारण उत्पन्न भएमा पञ्जिकाधिकारीले पन्ध्र दिनको समय दिई संस्था विघटन गर्नु नपर्ने कुनै कारण भए त्यसको स्पष्टीकरण पेश गर्न सम्बन्धित संस्थालाई मौका दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश गरेको स्पष्टीकरण सन्तोषजनक र मनासिब देखिएमा सम्बन्धित संस्थालाई सुधार गर्ने शर्तमा संस्थालाई आफ्नो कार्य गर्न दिइनेछ।

(६) उपदफा (४) बमोजिम स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा पञ्जिकाधिकारीले त्यस्तो संस्था विघटन गर्न आदेश दिनेछ।

(७) उपदफा (२) को खण्ड (क) र (ख) बमोजिम कुनै संस्थाको विघटनको लागि निवेदन प्राप्त हुन आएमा त्यस्तो संस्थाको दायित्व र सोको भुक्तानी बाँकी नरहेको प्रमाण पेश गर्नु पर्नेछ।

(८) यस दफा बमोजिमको संस्था विघटनको आदेशमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(९) यस दफा बमोजिम स्वतः विघटन गरिने संस्थाको आर्थिक दायित्वका सम्बन्धमा त्यस्तो विघटनको निर्णय गर्नु अघि फरफारक गर्न लगाउनु पर्नेछ।

५८. <u>संस्थाको खारेजी तथा विघटनको परिणामः</u> (१) दफा ५७ बमोजिम कुनै संस्था खारेजी वा विघटन भएमा त्यसरी खारेजी वा विघटन भएको संस्थाले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भए संस्थाकै सम्पत्तिबाट तिर्नु भराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खारेजी वा विघटन भएको संस्थाको जग्गा जमिन नेपाल सरकारमा स्वतः हस्तान्तरण भएको मानिनेछ र सो बाहेकका अन्य सम्पत्ति सम्बन्धित पञ्जिकाधिकारीको कार्यालयले तोकेको सरकारी निकायमा सर्नेछ।

(३) उपदफा (२) बमोजिम नेपाल सरकारमा हस्तान्तरण भएको सम्पत्तिको स्वामित्व सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत सम्बन्धित मालपोत कार्यालयले नेपाल सरकारको नाममा दाखिल खारेज गरी कायम राख्नु पर्नेछ।

(४) नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति बेगर यस ऐन बमोजिम स्थापना भएको संस्थाले कुनै जग्गा, जमिन र सोमा बनेको भवन वा कुनै भौतिक संरचना कसैलाई दान बकस दिई वा बिक्री गरी वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्न सक्ने छैन।

## परिच्छेद-१२

## कसूर तथा सजाय

५९. कसूर तथा सजायः (१) कुनै व्यक्ति वा संस्थाले देहायको कुनै काम गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिम संस्था दर्ताको प्रमाणपत्र प्राप्त नगरी कसैले संस्था स्थापना गरेमा, सदस्यता वितरण गरेमा, संस्थाको काम कारबाही सञ्चालन गरेमा वा कुनै रकम सङ्कलन गरेमा,

(ख) यस ऐन बमोजिम विघटन वा निलम्बन भएको संस्थाको तर्फबाट कुनै काम गरिएमा,

(ग) दफा २४ बमोजिम अनुमतिपत्र प्राप्त नगरी कुनै विदेशी गैर सरकारी संस्था वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको तर्फबाट कुनै काम गरिएमा,

(घ) दफा १३ विपरीत विदेशी नागरिकलाई संस्थाको सदस्यता वितरण गरेमा,

(ङ) संस्थाका पदाधिकारी, सदस्य वा अन्य जुनसुकै व्यक्तिले संस्थाको सम्पत्ति हानि नोक्सानी, हिनामिना, अनियमितता वा दुरुपयोग गरेमा।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिमको कसूर गरेमा पचास हजार रुपैयाँसम्म जरिबाना,

नेपाल सरकार

३६

(ख) उपदफा (१) को खण्ड (ग) बमोजिमको कसूर गरेमा एक लाख रुपैयाँसम्म जरिबाना,

(ग) उपदफा (१) को खण्ड (घ) बमोजिमको कसूर गरेमा तीन महिनासम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(घ) उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूर गरे वा गराएमा कसूरको मात्रा अनुसार पाँच वर्षसम्म कैद र नोक्सानी भएको बिगो भराई बिगो बमोजिम जरिबाना।

६०. <u>प्रवेशाज्ञा रद्द गरिने</u>: दफा ५९ को उपदफा (१) को खण्ड (ग) बमोजिमको कसूर गर्ने विदेशी व्यक्तिको प्रवेशाज्ञा रद्द गरिनेछ।

६१. <u>नेपाल सरकार सरकार वादी हुने</u>: यस ऐन बमोजिमको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा मध्ये दफा ५९ को उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को अनुसूची-२ मा र सो उपदफाको खण्ड (ङ) बमोजिमको कसूर सम्बन्धी मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को अनुसूची-१ मा परेको मानिनेछ।

६२. <u>कसूरको अनुसन्धान</u>: दफा ५९ को उपदफा (१) को खण्ड (क), (ख), (ग) वा (घ) अन्तर्गतका कसूरको अनुसन्धान सङ्घीय पञ्जिकाधिकारीले तोकेको संघीय पञ्जिकाधिकारी कार्यालयको अधिकृत कर्मचारीले गर्नेछ।

६३. <u>मुद्दा हेर्ने अदालत</u>: यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको सुनुवाई, कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

६४. <u>जरिबाना गर्न सक्ने</u>: (१) सम्बन्धित पञ्जिकाधिकारीले देहायको अवस्थामा सम्बन्धित संस्थालाई पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछः-

(क) दफा ११ विपरीत पञ्जिकाधिकारीबाट स्वीकृत हुन अघि नै संशोधित विधान लागू गरेमा,

(ख) दफा २० विपरीत अनुमति प्राप्त नगरी कुनै काम गरेमा,

(ग) दफा ३६ बमोजिमको निर्देशन वा दफा ३८ बमोजिमको आचार संहिता पालना नगरेमा,

(घ) दफा ३९ को उपदफा (२) बमोजिम कागजात वा विवरण उपलब्ध नगराएमा,

(ङ) दफा ४७ को उपदफा (३) बमोजिम अनुमति प्राप्त नगरी रकम प्राप्त गरेमा वा दफा ५० बमोजिम लेखापरीक्षण समयमा नगराएमा,

(च) दफा ५१ बमोजिम सम्पत्तिको लगत नराखेमा,

(छ) यस ऐन बमोजिम संस्थाले गर्नु पर्ने कुनै काम नगरेमा वा गर्न नहुने काम गरेमा।

(२) उपदफा (१) बमोजिम जरिबाना गर्नु अघि पञ्जिकाधिकारीले त्यस्तो संस्थालाई सफाइको मौका दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जरिबाना गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(४) कुनै संस्थाले अनुमतिप्राप्त नगरी संस्थाको संशोधित विधान लागू गरेको पाइएमा सम्बन्धित पञ्जिकाधिकारीले त्यस्तो कार्य तुरुन्त रोक्नेछ र त्यस्तो संशोधित विधान स्वीकृत नहुँदै कुनै काम कारवाही गरिएको भए त्यस्तो काम कारवाही बदर गर्नेछ।

६५. <u>प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने</u>: यस ऐन बमोजिमको कसूर मानिने कुनै काम प्रचलित कानून बमोजिम फौजदारी कसूर मानिने रहेछ भने त्यस्तो कसूरमा सोही कानून बमोजिम कारबाही गर्न वा मुद्दा चलाउन यो ऐनले बाधा पुऱ्याउने छैन।

## परिच्छेद-१३
## विविध

६६. <u>सहकार्य गर्न सकिने</u>: (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले अख्तियार गरेको नीति, कार्यक्रम वा कानूनको सम्बन्धमा सामाजिक जनचेतना प्रवर्द्धन गर्न वा समाजसेवा तथा सामुदायिक सेवाको लागि उत्प्रेरित गर्न सम्बन्धित सरकार वा तहले संस्थासँग सहकार्य वा साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने सहकार्य वा साझेदारीको प्रारुप तथा संस्था छनौट सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

६७. <u>पुरस्कार, सम्मानपत्र वा प्रसंशापत्र दिन सकिने</u>: (१) नेपाल सरकारले समितिको सिफारिसमा प्रत्येक वर्ष सामाजिक सेवाका क्षेत्रमा काम गर्ने व्यक्ति वा संस्थाहरु मध्ये उत्कृष्ट र उल्लेखनीय काम गर्ने व्यक्ति वा संस्थालाई पुरस्कार, सम्मानपत्र वा प्रसंशापत्र प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुरस्कार प्रदान गर्दा एक राष्ट्रिय समाजसेवा पुरस्कार र सात प्रदेशस्तरको समाजसेवा पुरस्कार प्रदान गर्न सकिनेछ।

(३) यस दफा बमोजिम पुरस्कार, सम्मानपत्र वा प्रसंशापत्र प्रदान गर्ने कार्यविधि, पुरस्कारको रकम, छनौट विधि र आधार तथा त्यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६८. **विद्युतीय स्वरुपमा सेवा प्रदान गर्न सकिनेः** (१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही सङ्घीय पञ्जिकाधिकारी, प्रदेश पञ्जिकाधिकारी, जिल्ला पञ्जिकाधिकारी तथा स्थानीय पञ्जिकाधिकारीले संस्थाको दर्ता, नविकरण, अनुगमन, मूल्याङ्कन, एकीकृत अभिलेखको प्रविष्टि तथा यस सम्बन्धि विवरणको अध्यावधिक सहितका आवश्यक काम कारवाही गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रणालीमा विभागसँग सम्बन्धित कार्यको लागि विभागलाई आवद्ध गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने छ र सो बमोजिम कार्य गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

(४) यसदफा बमोजिम कार्य गर्दा संघीय पजिकाधिकारीको कार्यालयले विभाग, प्रदेश पञ्जिकाधिकारी, जिल्ला प्रशासन कार्यालय तथा स्थानीय पञ्जिकाधिकारीको कार्यालयसँग प्रचलित कानून बमोजिम आफ्नो कार्य क्षेत्रको विषयमा अन्तरआवद्धता गरी तथ्याङ्कको प्राप्ति, विश्लेषण तथा भण्डारण गर्न सक्नेछ।

६९. **विषयगत समन्वय समितिले समन्वय गर्नेः** (१) यस ऐन बमोजिम दर्ता, नविकरण र सञ्चालन भएका संस्थाको काम कारबाहीको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिम संस्थाको पञ्जीकरणसँग सम्बन्धित विषयमा मन्त्रालयको विषयगत समितिमा र समाजकल्याणसँग सम्बन्धित विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको विषयगत समितिमा छलफल भई एक रुपता कायम गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम छलफल भई आएका विषयमा सम्बन्धित मन्त्रालयले सङ्घीय पञ्जिकाधिकारी तथा विभागलाई आवश्यक कार्य गर्न जानकारी गराउने छ।

७०. **लघु वित्त सम्बन्धी व्यवस्थाः** (१) यो ऐन लागू हुनु पूर्व संस्था दर्ता भई प्रचलित कानून बमोजिम लघुवित्त कार्यक्रम सञ्चालन गरेका संस्थालाई त्यस्तो कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्न प्रचलित कानून बमोजिमको शर्त पूरा नगरेको र यस ऐन प्रारम्भ भएको एक वर्षभित्र त्यस्तो संस्थाले यस ऐन तथा प्रचलित कानून बमोजिमको कार्य पूरा नरेको अवस्थामा त्यस्तो संस्थालाई सम्बन्धित पञ्जिकाधिकारीले लघुवित्त सञ्चालन गर्न रोक लगाई त्यस्तो लघुवित्तको दायित्व फरफारक गर्न लगाउनेछ।

७१. **ऐन कार्यान्वयनको मापन गर्नु पर्नेः** यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र सो पश्चात प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र मन्त्रालय र महिला, बालबालिका तथा

ज्येष्ठ नागरिक मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछन्। सो को प्रतिवेदन नेपाल सरकार, मन्त्रिपरिषदमा पेश गरी प्रतिनिधि सभाको सम्बन्धित समितिमा पठाउनु पर्नेछ।

७२. **यो ऐन लागू नहुने**: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम कम्पनी वा गुठीको रुपमा दर्ता भएका संस्थाको हकमा यो ऐन लागू हुने छैन।

७३. खास प्रकृतिको संस्थाको दर्ता तथा सञ्चालनः खास किसिमको संस्थाको दर्ता, सञ्चालन वा नियमनका सम्बन्धमा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्थाको दर्ता, सञ्चालन वा नियमनका सम्बन्धमा सोही कानून बमोजिम हुनेछ।

७४. नियम बनाउनेः यस ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

७५. खारेजी र बचाउः (१) देहायका ऐन खारेज गरिएका छन् :-

(क) राष्ट्रिय निर्देशन ऐन, २०१८,

(ख) संस्था दर्ता ऐन, २०३४,

(ग) समाज कल्याण परिषद् ऐन, २०४९।

(२) उपदफा (१) मा उल्लिखित ऐन बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) उपदफा (१) को खण्ड (ख) मा उल्लिखित ऐन बमोजिम कुनै संस्था गुठीको रुपमा कार्य सम्पादन गर्ने गरी दर्ता भएको रहेछ भने त्यस्तो संस्थाले यो ऐन प्रारम्भ भएको एक वर्ष भित्र प्रचलित कानून बमोजिम गुठीको रुपमा दर्ता गराउनु पर्नेछ।

(४) नेपाल सरकारले यो ऐन प्रारम्भ हुनु अघिको समाज कल्याण परिषद्मा कार्यरत स्थायी बाहेकका अन्य कर्मचारीहरुको आवश्यकताको आधारमा व्यवस्थापन गर्न सक्नेछ।

(५) यस ऐन प्रारम्भ हुनु अघि समाजकल्याण परिषदमा मनोनीत अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य र सदस्य सचिवको पदावधि यो ऐन प्रारम्भ भएपछि स्वतः समाप्त हुनेछ।

(६) यो ऐन प्रारम्भ हुनु अघि कायम रहेको समाज कल्याण परिषद्को नाममा रहेको कोष, संघ संस्था सम्बन्धी कागजात, राष्ट्रिय तथा अन्तराष्ट्रिय निकाय वा संघ संस्था बीच भएका सम्झौता, समाजकल्याण परिषद्को नाममा रहेको र भोग चलनमा रहेको सबै चल, अचल, भौतिक वा अभौतिक सम्पत्ति यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अद्यावधिक गरी त्यसको विवरण र अभिलेख नेपाल सरकार, मन्त्रिपरिषदमा पेश गर्नु पर्नेछ र यी सबै सम्पत्ति, विवरण, अभिलेख र दायित्व विभागमा सर्नेछन्।



नेपाल सरकार

(७) यो ऐन प्रारम्भ हुनु अघि समाज कल्याण परिषद अन्तर्गत कायम रहेका राष्ट्रिय अपाङ्ग कोष र ज्येष्ठ नागरिक कोषको सञ्चालन तथा व्यवस्थापन विभाग मार्फत हुने गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ।

अनुसूची

(दफा १० को उपदफा (४) सँग सम्बन्धित)

<u>संस्थाको विधानमा समावेश हुनु पर्ने मुख्य विषय</u>

१. प्रस्तावना

२. विधानको नाम

३. विधान प्रारम्भ हुने मिति

४. संस्थाको पुरा नाम र छोटकरी नाम भए त्यस्तो नाम

५. संस्थाको उद्देश्य तथा संस्थाले सम्पादन गर्ने काम

६. संस्थाको कार्यक्षेत्र (राष्ट्रियस्तर, प्रदेशस्तर वा स्थानीयस्तर खुलाउनु पर्ने)

७. संस्थाको किसिम (दफा १८ को उपदफा (२) को वर्गीकरण अनुसार)

८. संस्थाको कार्यालय रहने ठेगाना

९. संस्थाका सदस्यको किसिम र सदस्यता वितरण गर्ने कार्यविधिगत व्यवस्था

१०. मानार्थ सदस्य दिन सकिने भए त्यसको व्यवस्था

११. सदस्यको विवरण किताब

१२. संस्थाको साधारण सभा वा विशेष साधारण सभा

१३. संस्थाको कार्यकारी समितिको गठन

१४. संस्थाको आर्थिक स्रोतको विवरण

१५. संस्थाको शाखा खोल्न सकिने भए सोको व्यवस्था

१६. नेपाल बाहिर शाखा खोल्न वा कार्य सम्पादन गर्न सक्ने भए त्यसको व्यवस्था,

१७. संस्थाको लेखा, लेखापरीक्षकको नियुक्ति र लेखापरीक्षण

१८. संस्थाको विधान संशोधन सम्बन्धी व्यवस्था

१९. संस्थाले कुनै कल्याणकारी परियोजना सञ्चालन वा कार्यान्वयन गर्ने भए त्यस्तो व्यवस्था

२०. विनियमावली बनाउने अधिकार

२१. संस्था विघटन हुन सक्ने अवस्था

२२. कार्यकारी समितिको काम, कर्तव्य र अधिकार

२३. अन्य आवश्यक विवरण (संस्थाको प्रकृति बमोजिम आवश्यक व्यवस्था थप गर्न सकिनेछ)

२४. तोकिए बमोजिमका अन्य विषय।

४२